# विद्यालय र समुदायमा आधारित बालकक्षा व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तरगत स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

**शोध-पत्र**

**शोधकर्ता**

कृष्णप्रसाद पाठक

क्याम्पस क्रमाङ्क : ६७/२०११

परीक्षा क्रमाङ्क : २०४००६९/२०१३

त्रि.वि. दर्ता नं. : ९-३-२०४-०१७७-२०१०

**कनकाई वहुमुखी क्याम्पस**

**सुरुङ्गा, झापा**

**२०७३**

कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी कृष्ण प्रसाद पाठकले मेरो प्रत्यक्ष निर्देशनमा **विद्यालय र समुदायमा आधारित बालकक्षा व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २२ डिसेम्बर २०१६

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी कृष्ण प्रसाद पाठकले **विद्यालय र समुदायमा आधारित बालकक्षा व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी ..........................................

विभागीय प्रमुख

२. गोपीकृष्ण भट्टराई ..........................................

शोध निर्देशक

३. उप-प्रा. गणेश प्रसाद खनाल ..........................................

बाह्य परीक्षक

मिति : १० जनवरी २०१७

## कृतज्ञता ज्ञापन

विद्यालय र समुदायमा आधारित बालकक्षा व्यवस्थापन शीर्षकमा यो अध्ययन अनुसन्धान कार्य गरी शोधपत्र तयार गर्नका लागि विभिन्न पक्षको सहयोग पुगेको छ । सर्वप्रथम शोधको शीर्षक छनौट देखि अनुसन्धान र लेखनसम्म बारम्बार निर्देशन तथा सहयोग गर्नुहुने क्याम्पसका सहायक प्राध्यापक तथा शोध निर्देशक गोपीकृष्ण भट्टराई प्रति हार्दिक आभार प्रकट गदर्छु । यसैगरी अनुसन्धानका क्रममा आफ्नो अमूल्य समय दिएर अनुसन्धानका प्रश्नहरुको उत्तर दिनुहुने अध्ययन क्षेत्रका स्रोतव्यक्ति, प्रधानाध्यापकज्यूहरु, बिद्यालय/समुदाय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु, अभिभावक, सहयोगी कार्यकर्ता, आवश्यक तथ्य तथ्याङ्क उपलब्ध गराइदिने जिल्ला शिक्षा कार्यालय झापा, सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

अनुसन्धानको वातावरण मिलाइदिनुहुने क्याम्पस प्रमुख टंकबहादुर कार्की, शिक्षाशास्त्र संकायका बिभागीय प्रमुख आशा शर्मा शिवाकोटी प्रति कृतज्ञ छु । यस्तै मेरो अध्ययनको लागि उत्साहका वचनले प्रेरणा दिने मेरी जीवन संगिनी रमा पोखेल पाठकप्रति सदैव ऋणी रहने छु । शोधपत्र तयारीका क्रममा विविध सामग्री खोजी गरेर उपलब्ध गराउनु हुने मेरा आदरणीय शुभचिन्तकहरुप्रति पनि म आभारी छु ।

अन्त्यमा यो शोधपत्र टंकन र प्रिन्ट र छपाइ व्यवस्थापन गरेर अन्तिम रुप दिनुहुने वशिष्ठ डेक्सटप बिर्तामोडका साबित्रा दाहाललाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

कृष्णप्रसाद पाठक

## शोध सार

*यस अध्ययनको शीर्षक विद्यालय र समुदायमा आधारित बालकक्षा व्यवस्थापन रहेको छ । यस अध्ययनका मुख्य उद्देश्यहरू विद्यालय र समुदायमा आधारित बाल शिक्षा बीचमा सञ्चालनको अवस्था पत्ता लगाउनु, विद्यालय र समुदायमा आधारित बाल शिक्षा कार्यक्रमको नतिजा तुलना गर्नु, विद्यालय र समुदायमा आधारित बाल शिक्षामा देखा परेका समस्या खोजी गर्नु, विद्यालय र समुदायमा आधारित बाल शिक्षामा देखिएका समस्या समाधानका उपायहरू पहिचान गर्नु रहेको छ ।*

*विद्यार्थीहरूले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो र मनोवैज्ञानिक रूपमा मर्यादित र  मनोबल उच्च महसुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । बालमैत्री विद्यालयले बाल सहभागिता, समावेशीकरण, विभेद र दण्डको अन्त्य, सक्रिय र प्रभावकारी सिकाइसहितको रमाइलो विद्यालय वातावरणमा जोड दिन्छ । प्रत्येक बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्न, उनीहरूलाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयको वातावरण, शिक्षकले सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलाप र शिक्षकका व्यवहारहरू मैत्रीपूर्ण हुन आवश्यक छ ।*

*यस अध्ययनमा आगमन विधिको प्रयोग गरी गुणात्मक तरिकाले व्याख्यात्मक विश्लेषण गरी शोध शीर्षकसम्बन्धी समस्यालाई समाधान गरिएको छ । उद्देश्यमूलक नमूना छनोट प्रक्रियालाई अपनाइ झापा जिल्लाको अनारमनी स्रोतकेन्द्रमा सञ्चालित विद्यालयमा आधारित र समुदायमा आधारित बालविकास केन्द्र बीचको तुलना सम्वन्धमा नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, अभिभावक, स्रोतव्यक्ति, जिशिका तथा समुदायमा सञ्चालित बालविकास कक्षाका व्यवस्थापकहरुसँग अन्तर्वार्ता, छलफल, प्रश्नावलीका माध्यमबाट सूचनाहरू लिइएको छ साथै विद्यालयहरूको प्रत्यक्ष अवलोकन पनि गरिएको छ ।*

*अध्ययनमा प्रारम्भिक बालशिक्षामा बालबालिकाहरुलाई विद्यालय स्तरको औपचारिक शिक्षा लिनका लागि तयार गर्न अक्षरहरु लेख्ने, पढ्ने, वोल्न सिकाउने, ठोसवस्तुको प्रयोग गरी गन्ती गर्न लगाउने, चित्र बनाउने, समूह मिलाउने, वस्तुहरुबाट फरक छुट्टाउन लगाउने, सोच्न वा स्मरण गर्न लगाउने आदि क्रियाकलापलाई सञ्चालनमा*

ल्याएको पाइयो । काँचो माटोको रुपमा रहेका बालबालिकाहरुको भविश्य कस्तो बनाउने भन्ने जिम्मा सहयोगी कार्यकर्ताको हातमा हुने भएकोले आफ्नो कार्यप्रति उत्तरदायी र जवाफदेही बनाउन उनीहरुले पाउँदै आएको पारिश्रमिकलाई कामको आधारमा निर्धारण गरी उनीहरुलाई हौसला प्रदान गर्नुपर्ने देखिन्छ ।

समग्र अवस्था अध्ययन र विश्लेषण गर्दा समुदायमा बालशिक्षा भन्दा विद्यालयमा आधारित बालशिक्षा राम्ररी सञ्चालन भएको पाइयो । खेल मैदान, सामाजिकीकरण, अभिभावकको चासो, व्यवस्थापकीय अनुगमन र निरीक्षण, खेल सामग्री, रमाइलो वातावरण समुदायमा आधारित बाल शिक्षामा भन्दा विद्यालयमा आधारित बालशिक्षा राम्रो पाइयो ।

प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको जग मजवुत भयो भने राज्यले एउटा योग्य र सक्षम  स्वावलम्वी एवम् कमशील नागरिक पाउन सक्छ । यसै कुरालाई मध्य नजर गर्दै सरकारले शिक्षाको आधारको रुपमा रहेको बालशिक्षा सञ्चालन गर्न समुदाय र विद्यालय दुवै क्षेत्रलाई अनुमति दिएको छ । तर भौतिक पूर्वाधार, प्रशासनिक संरचना, आर्थिक व्यवस्थापनका पक्षहरु भने समुदायद्वारा सञ्चालित बालकक्षा तुलनात्मक रुपमा विद्यालयद्वारा सञ्चालित बालकक्षा कमजोर रहको पाइएकोले समुदायद्वारा सञ्चालित बाल विकास कार्यक्रमलाई प्रभावकारी बनाउन कि त सहयोगी कार्यकर्तालाई तालिम, पारिश्रमिक बृद्धि, भौतिक संरचनाको विकास र सुधार जस्ता उपायहरु अपनाउनु पर्ने या त विद्यालयमा नै समायोजन गर्नुपर्ने देखिन्छ ।

शोध-पत्रको शीर्षक अन्तरगत अध्ययन तथा विश्लेषण गर्दा या त समुदायमा आधारित सम्पूर्ण बालकक्षालाई विद्यालयमा गाभ्नु पर्‍यो या त समुदायमा आधारित बालकक्षालाई सुधार गर्न र शिक्षक सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा आधारित बालकक्षालाई झै अनुदान रकम बढाउनु पर्ने, खेल्नका लागि खेल मैदान हुनु पर्ने नभए सञ्चालन अनुमति नदिने र स.का. लाई कामको आधारमा तलव बढाउनु पर्ने पाइयो भने नीति निर्माण तह, कार्यान्वयन तह, अनुसन्धानात्मक तहले आफ्नो कार्यक्षेत्र अनुसार योजना निर्माण गर्दा बाल शिक्षालाई प्रमुख आधार बनाएर कार्य गर्नु पर्ने देखिन्छ ।

# विषयसूची पृष्ठ


**परिच्छेद एक १-९**

**परिचय**

१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ६

१.३. अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धानात्मक प्रश्नहरू ९

१.६. अध्ययनको परिसीमा ९

**परिच्छेद दुई १०-१६**

**सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१. सम्वन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाका १४

२.३ पुनरावलोकनको उपादेयता १५

**परिच्छेद तीन**

**अध्ययन विधि १७-२२**

३.१. अनुसन्धान ढाँचा १७

३.२. अध्ययनको जनसंख्या र नमूना छनौट १७

३.२.१ जनसङ्ख्या १७

३.२.२. नमूनाको आकार १९

३.२.३.नमूना छनौटको विधि २०

३.३. अनुसन्धानका साधनहरु २०

३.४. तथ्याङ्कका श्रोतहरु २०

३.४.१ प्राथमिक श्रोत २०

३.४.२ द्वितीय श्रोत २१

३.५. तथ्याङ्क सङ्कलन प्रकृया २१

३.६. तथ्याङ्क विश्लेषण प्रकृया २१

## परिच्छेद चार


**नतिजाको विश्लेषण** **२३-३२**

४.१. विद्यालय र समुदायमा सञ्चालित बालविकास केन्द्रबीचको अन्तर सम्बन्ध २५

४.१.१ भौतिक व्यवस्थापन २६

४.१.२ शैक्षिक व्यवस्थापन २६

४.१.३ प्रशासनिक व्यवस्थापन २७

४.१.४ खाजा तथा बच्चाको दैनिक क्रियाकलाप २७

४.१.५ बाल विकासका लागि निर्धारित गतिविधि २८

४.१.६ सहयोगी कार्यकर्ता ३०

४.२ विद्यालय र समुदायमा आधारित बालशिक्षाका देखिएका फरकहरु ३०


## परिच्छेद पाँच


**निष्कर्ष, सुझाव** **३३-३६**

५.१ निष्कर्ष ३३

५.२ सुझावहरू ३४

५.२.१ नीति निर्माण तह ३४

५.२.२ कार्यान्वयन तह ३४

५.२.३ अनुसन्धानका लागि ३५

सन्दर्भ सामग्री

अनुसूची

# परिच्छेद एक

# परिचय

## १. अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकाससँगै शिक्षाको पनि विकास भएको पाइन्छ । सभ्यताको प्रारम्भदेखि नै मानिस कुनै न कुनै रुपमा शिक्षाको विकासमा क्रियाशील रहेको पनि पाइन्छ । शिक्षा मानिसको जीवनपर्यन्त चलिरहने एक प्रक्रिया हो । शिक्षाले व्यक्तिमा अन्तर्निहित क्षमताको विकास गर्नका साथै समाज र देशको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक लगायत विभिन्न पक्षको वृद्धि र विकास गर्दछ । यसले व्यक्तिलाई नयाँ ज्ञान, सीप, धारणाको माध्यमबाट नयाँ अवसर प्रदान गर्छ । व्यक्तिको व्यक्तित्व, आर्थिक, सामाजिक, विकासदेखि लिएर समग्र देशकै उन्नति गरी विश्वको अन्य मुलुकको दाँजोमा पुऱ्याउनको लागि शिक्षा प्रथम आवश्यकता हो । त्यसैले कुनै पनि मुलुकको विकासको आधारशीला वा मेरुदण्ड नै शिक्षा हो । सक्षम, उत्पादनशील, अनुसाशित, दक्ष, जिम्मेवार र असल नागरिक तयार पार्न शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । त्यसको लागि शिक्षापनि समय सापेक्ष, गुणस्तरीय, व्यवहारोपयोगी र प्रभावकारी हुन आवश्यक छ । समयको परिवर्तन सँगसँगै शिक्षालाई समसामयिक, उपयोगी र समय सापेक्ष बनाउनको लागि यसको गुणस्तरियता वढाउनु पर्ने हुन्छ यसका लागि बालबालिकालाई सानै उमेरदेखि प्रभावकारी शिक्षण गरेर शिक्षण कार्यमा चुस्तता र प्रभावकारिता ल्याउन जरुरी हुन्छ ।

बालबालिकाहरू घर, परिवार अनि समाजबाट अनौपचारिक शिक्षा प्राप्त गर्दै विद्यालयमा प्रवेश गर्दछन् । बालबालिकाहरूको चौतर्फी विकासका लागि आवश्यक आधारभूत कुराहरू प्राप्त गर्ने घर पछिको दोस्रो ठाउँ विद्यालय हो । विद्यालयमा उनीहरूले पाठ्यपुस्तक, शिक्षकको व्यवहार, साथीभाइको संगत, विद्यालयको नीति-नियम तथा विद्यालयमा सञ्चालन गरिएका विभिन्न गतिविधि र क्रियाकलापहरूबाट सिक्ने मौका पाउँछन् । यदि विद्यालयको वातावरण भयमुक्त छ, दण्डरहीत शिक्षा प्राप्त गर्ने अवस्था छ, बालबालिकाहरू आफूलाई सुरक्षित महसुस गर्छन्, आफ्नो चाहना र क्षमताअनुसार सिकाइ क्रियाकलापहरूमा भाग लिन पाउँछन्, विद्यालय परिवार, शिक्षक, विद्यार्थी, व्यवस्थापक, कर्मचारी आदिबाट माया, सहयोग, हौसला र प्रोत्साहन पाउँछन्

भने उनीहरू विद्यालयमा रमेर सिक्न सक्दछन् । यो सिकाइ वातावरण र शिक्षकले कक्षाकोठामा सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलापले प्रत्येक विद्यार्थीलाई लामो समयसम्म हाँसीखुसीका साथ विद्यालयमा सहज रूपमा विताउन सक्ने वातावरणको सिर्जना गर्नु पर्दछ ।

शिक्षा प्राप्त गर्नु बालबालिकाहरूको नैसर्गिक अधिकार हो र सबै बालबालिकाहरूले निर्वाध रूपमा उक्त अधिकारको उपभोग गर्न पाउनु पर्छ भन्ने विश्वव्यापी मान्यतालाई नेपाल सरकारले पनि सबैको लागि शिक्षा दिने प्रतिवद्धता स्वरूप स्वीकारेको छ । प्रत्येक बालबालिकाहरूको विद्यालयमा पहुँच सुनिश्चित गर्न, उनीहरूलाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयको वातावरण, शिक्षकले सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलाप र शिक्षकका व्यवहारहरू नै जिम्मेवार हुन्छन् । यसका लागि सिकाइलाई विद्यार्थीको रूची, क्षमता र स्तर सुहाँउदो बनाउन पनि आवश्यक छ । यही बालबालिकाहरूको विकास क्रम र उनीहरूको विशेषताहरूलाई ध्यानमा राख्दै बालअधिकारको सुनिश्चितता हुने गरी विद्यार्थीहरूको रुची, आवश्यकता, क्षमता र परिवेशलाई समेत ध्यानमा राखी सहभागितामूलक विधिको माध्यमबाट जीवनोपयोगी ज्ञान, सीप र धारणाको विकास गराउने वातावरणको सिर्जना गर्न दण्डरहीत, भयमुक्त र रमाइलो वातावरणयुक्त कक्षाकोठा व्यवस्थापन गरी क्रियाकलापमा आधारित सक्रिय सिकाइ सञ्चालन गर्नु नै बालमैत्रीपूर्ण सिकाइ हो र यस प्रकारको सिकाइ-वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । त्यसैले बालमैत्री विद्यालयमा शिक्षकको भूमिका सहजकर्ता र सहयोगीको रूपमा रहेको हुन्छ ।

हाल नेपालका प्राथमिक विद्यालयहरूमा खुद भर्ना दर क्रमशः बृद्धि हुदै गए तापनि विद्यालयमा विद्यार्थीहरूलाई टिकाइ राख्न र तोकिएको समयमा प्राथमिक तह पूरा गराउन विद्यालयले अझै थप प्रयाशहरू गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूले बीचैमा विद्यालय छाड्ने र निश्चित समयमा नै प्राथमिक तह पूरा नगर्ने धेरै कारणहरू हुनसक्दछन्, ती मध्ये एउटा प्रमुख कारण विद्यालय बालमैत्री नहुनु हो । विद्यालयमा बालसुलभ क्रियाकलाप सञ्चालन हुन नसक्नु, विद्यालयले बालबालिकाहरूलाई आकर्षित गर्न नसक्नु, कक्षाकोठा रूचिपूर्ण नहुनु, शिक्षकले विद्यार्थीहरूप्रति गर्ने व्यवहार सहभागीमूलक, सकारात्मक र मित्रवत् नहुनु, विद्यालयको वातावरण भयमुक्त हुन

नसक्नु, विद्यालयमा पुरस्कारको भन्दा बढी दण्डले प्रश्रय पाउनु आदि अवस्था हाम्रा विद्यालयहरूमा विद्यमान छन् । त्यसकारण सबै विद्यालयहरू बालमैत्रीपूर्ण बन्न सकेका छैनन् । विद्यालयमा शिक्षकले सञ्चालन गर्ने क्रियाकलापहरू मैत्रीपूर्ण बन्न अझै बाँकी छन् । प्रत्येक बालसुबोधिनीहरूलाई विद्यालयले स्वागत गर्न सक्नुपर्छ र प्रत्येक विद्यार्थीलाई विद्यालयले रमाइलो वातावरण दिन सक्नुपर्छ । यसका लागि उपयुक्त किसिमका क्रियाकलापहरू सञ्चालन गर्नु विद्यालयको प्रमुख कर्तव्य हुन जान्छ, जुन क्रियाकलापहरूबाट विद्यालय बालमैत्रीपूर्ण बन्न सकोस् ।

शिक्षा प्रदान गर्ने क्रमको जव थालनि भयो त्यसै बेलादेखि सिकारूको इच्छा-आकांक्षा मुताविक होइन कि सिकाउने व्यक्तिको चाहना, रुचि र उसैले नै निर्धारण गरेको आवश्यकताका विषयमा शिक्षा दिन थालेको पाइन्छ । जीवन धान्न तथा दैनिक व्यवहार सञ्चालन गर्न आवश्यक पर्ने ज्ञान, सीप र प्रवृत्ति नै प्रदान गर्नु शिक्षाको मुख्य उद्देश्य हो । त्यस समयमा यही मात्र आवश्यकताको विषय थियो । यसरी हेर्दा शिक्षा प्रदान गर्ने कार्य अति रूखो र कठिनतम कार्य नै हो । नेपालमा पनि आधुनिक विद्यालय शिक्षाको सुरूआत हुनुपूर्व हिन्दू तथा बौद्ध शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न गुरूकूल, आश्रम र विहारहरू शिक्षा प्रदान गर्ने संस्थाका रूपमा सञ्चालन भएको पाइन्छ । त्यस समयमा सिकारूहरूले गुरूहरूको सेवा गर्नु पर्ने कार्यलाई नै प्रधानता दिइएको थियो । जब वि.सं. १९१० मा दरवार हाइ स्कुलको स्थापना पश्चात नेपालमा आधुनिक विद्यालय शिक्षाको सुरूआत भयो त्यस समयमा पनि मैत्रीपूर्ण वातावरणभन्दा पनि गुरू र चेलाको पुरानो मान्यता अनुसार नै शिक्षण कार्य सञ्चालन भएको देखिन्छ । विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा बालकेन्द्रित शिक्षण-सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने मान्यताको परिणामस्वरूप नै बालमैत्री क्रियाकलापको धारणाको सुत्रपात गर्न मद्दत पुगेको छ ।

दोस्रो विश्वयुद्ध पश्चात धेरै बालबालिकाहरूको जीवन अन्धकारमय भएको परिप्रेक्षमा सन् १९२३ मा एग्लैन्टाइन जेवले बालअधिकारसम्बन्धी अगाडि सारेको अवधारणाले ६६ वर्षपछाडि वा सन् १९८९ मा मात्र बालअधिकार महासन्धीको रूपमा मूर्त रूप लियो । सन् १९८९ नोभेम्वर २० का दिन संयुक्त राष्ट्रसंघीय महासभाद्वारा बालअधिकार महासन्धी पारित भएपछि सन् १९९० सेप्टेम्वर १४ मा नेपालले पनि उक्त बालअधिकार महासन्धीलाई अनुमोदन गऱ्यो । यसरी बाल बचाउ, बाल संरक्षण, बाल

सहाभागिता र बाल विकासलाई सुनिश्चित गर्नेतर्फ विश्व नै उन्मुख हुन थाल्यो । यसै सन्दर्भमा सिकाइ प्रक्रियामा बालमैत्री अवधारणासँग सम्बन्धित विषयमा वेलायती नागरिक प्रो.वाल्सले Criteria of the child Friendlyness नामक कार्यपत्र सन् १९९५ मा प्रस्तुत गरे । उनले आफ्नो त्यस कार्यपत्रमा बालमैत्री अवधारणाका तीन आधारहरू प्रस्तुत गरेका छन् -(क) विधि, (ख) साधन, र (ग) सूचकहरू ।

सन् १९९६ मा थाइल्याण्डमा "Thailand Child Friendly School Programme" Save the Children (US) ले सुरू गरेपछि बालमैत्री विद्यालयको अवधारणा पहिलो पटक कार्यान्वयनको तहमा उत्रियो । यस कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायका व्यक्तिहरू समेतको सहभागितामा थाइल्याण्डका २८ वटा विद्यालयहरूका समस्याहरू र बालबालिकाहरूका आवश्यकताहरू पहिचान गर्ने काम गरियो । यिनै सम्पूर्ण सरोकारवालाहरूको संलग्नतामा नै ती सम्पूर्ण विद्यालयहरूको विद्यालय सुधार योजना निर्माण गरेर कार्यान्वयन गरियो उक्त विद्यालय सुधार योजनाको अवधि सन् १९९६ देखि सन् १९९९ सम्म चार वर्षको रहेको थियो । यस योजनामा रहेका प्राथमिकताका क्षेत्रहरू यसप्रकार छन् : बालअधिकारको प्रवर्धन, विद्यालय स्वास्थ्य, जीवनोपयोगी शिक्षा, ग्रामिण विकासका लागि शिक्षा, सिकाइ सामग्री, क्षमता अभिवृद्धि, जोखिममा रहेका बालबालिकाहरूका लागि छात्रवृत्ति र प्रारम्भिक बालविकास आदि ।

यसै सन्दर्भमा नेपालले पनि बालमैत्री अवधारणाको प्रयोग लगभग त्यसै समयदेखि नै भएको देखिन्छ । सन् १९९९ मा Save the Children (US) को सहयोग र सक्रियतामा कन्चनपुर जिल्लाका झलारी, पिपलारी र लेखतमुलारी तीन गा.वि.स.का १० विद्यालयहरूमा पहिलो पटक बालमैत्री विद्यालयको अवधारणालाई प्रयोग गरेर विद्यालयका गतिविधि सञ्चालन गर्ने कार्यको थालनी गरियो । हाल नेपालमा २ प्रकारका बालशिक्षा कार्यक्रमहरु लागु भइरहेका छन् : समुदायमा आधारित र विद्यालयमा आधारित ।

समुदाय वा विद्यालयहरूमा चार वर्ष उमेर पूरा भएका बालबालिकालाई व्यवस्थित ढंगले प्रदान गरिने शिक्षालाई पूर्व प्राथमिक शिक्षा भन्ने गरिन्छ । यसैलाई बोलिचालीको भाषामा बाल शिक्षा भन्ने गरिएको छ । बालबालिकाहरूको मानसिक,

संवेगात्मक, भाषिक र सामाजिक भावनाको विकासमा अवसर प्रदान गर्ने उद्देश्यका साथ बाल शिक्षाको व्यवस्था गरिएको छ ।

प्रारम्भिक उमेर समूहका बालबालिकाहरूको पहुँच वृद्धि गर्न विद्यालय वा समुदायमा एक वर्षे पूर्व प्राथमिक कार्यक्रम सञ्चालन गर्ने र पछाडि पारिएका जनजाति महिला, मधेशी, लोपोन्मुख जाति एवम् दलित अवस्थित क्षेत्र पहिचान गरी समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्रलाई एकिकृत कार्यक्रमसँगै समायोजन गरेर कार्यान्वयन गर्ने विशेष व्यवस्था गरिने सरकारको लक्ष्य रहेको छ । हाल विद्यालय तथा समुदायमा आधारित गरी मुलुक भरी २४ हजार सात सय त्रिहत्तर बाल विकास केन्द्र सञ्चालित छन् जसमध्ये विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा ११८९० र बाँकी समुदायमा आधारित भई सञ्चालित छन् । जस मध्ये झापामा पुराना ६८६ र नयाँ नयाँ १९ गरी जम्मा ७०५ वटा बाल विकास केन्द्र रहेका छन् । यता समुदायमा भने ३३२ वटा प्राथमिक बाल विकास केन्द्र रहेका छन् । ती बालविकास केन्द्र मध्य कतिपय समुदायमा आधारित छन् भने कतिपय विद्यालयमा आधारित छन् । विद्यालयमा आधारित खातामा रकम निकासाको व्यवस्था गरेको छ भने समुदायमा आधारित विद्यालयका लागि मातृ विद्यालयमा रकम जम्मा गर्ने व्यवस्था मिलाइएको छ ।

झापा जिल्लामा भएका स्रोत केन्द्र मध्ये अनारमनी एक स्रोत केन्द्र हो । हाल यसमा गरामनी, अनारमनी, चारपाने र गोलधाप गा.वि.स. मिलाएर यो स्रोत केन्द्र बनेको छ । यस केन्द्रमा अहिले २३ वटा सामुदायिक विद्यालय आवद्ध रहेका छन् ।

हाल यस स्रोत केन्द्रमा ५३ वटा बालकक्षा विद्यालयमा आधारित छन् भने ४ वटा समुदायमा वा सामुदायिक केन्द्रमा आधारित छन् । विराट सामुदायिक अध्ययन केन्द्र र सेतो गुराँस सामुदायिक अध्ययन केन्द्र मा ४ वटा कक्षा सञ्चालन भइरहेका छन् ।

यस मध्ये विद्यालयमा आधारित ४ वटा विद्यालयको बाल कक्षा र समुदायमा आधारित ४ वटा कक्षाको अध्ययनलाई विषयवस्तुको रूपमा लिएको छ । यि दुवै थरीका बालकक्षामा अध्ययनरत बालबालिकाहरूको बसाई व्यवस्थापन, खाजा, पानी, शौचालय खेल्ने मैदान, पढ्ने कोठा, शिक्षक व्यवस्थापन स.का.को व्यवहार, सन्तुष्टि आदिको समग्र अध्ययन गरी सत्य, तथ्य पत्ता लगाई सुधार गर्नु पर्ने तिर इंगित गर्नु यो शोधको मुख्य लक्ष्य रहेको छ ।

शैक्षिक सामग्री, खेल्ने सामग्रीले बालबालिकाहरूलाई केही सिक्न प्रेरित गर्दछ । रहर लाग्दो वातावरण, बालमैत्री व्यवहार बालबालिकालाई कक्षामा आकर्षण गर्ने मुख्य तत्वहरू हुन् । यि तत्वहरू अध्ययन गरि बाल कक्षामा विद्यमान अवस्थामा यी तत्वहरु छन् छैनन् यसका बारेमा खोज गर्नु पर्ने शोधका विषयवस्तु भित्र पर्दछ ।

## १.२. समस्याको कथन

समस्या कथन अध्ययन अनुसन्धान कार्यको एउटा विशिष्ट कार्य हो । अध्ययन वा अनुसन्धान मुख्य गरी कुन विशेष वा मुख्य समस्या समाधानमा केन्द्रित रहनेछ भन्ने कुरा यसबाट स्पष्ट हुन्छ अथवा यसले अनुसन्धानको विषयवस्तुलाई जनाउँछ । प्रस्तुत शोधपत्रको मुख्य विषय वा समस्या भनेको नै विद्यालयमा आधारित बालकक्षा र समुदायमा आधारित बालकक्षा बीचको तुलनात्मक अध्ययन गर्नु, विश्लेषण गर्नु र कमीकमजोरी पत्ता लगाई सो मुताविक भविष्यमा अझ प्रभावकारिता वढाइ पूर्ण प्रतिफल प्राप्त गर्न सघाउ पुऱ्याउनु रहेको छ ।

शिक्षा मानिसको अनिवार्य र आधारभूत कुरा हो । यसको प्राप्ति बालकको मौलिक अधिकार हो । यस्तो शिक्षा गुणस्तरीय बनाउन उचित नियम कानुन र व्यवस्थाको तर्जुमा गर्ने कार्य सरकार र राज्यको दायित्व हो । राज्यको दायित्व पूरा गर्ने क्रममा विद्यालयमा सञ्चालित कार्यक्रमहरु प्रभावकारी हुनु जरुरी हुन्छ । यसको साथै समुदायले पनि यस क्षेत्रमा ध्यान पुऱ्याउनु पर्छ । यसको लागि विद्यालय र समुदायले सञ्चालन गरेका बालकक्षाहरु कति प्रभावकारी छन्  यिनीहरु बीच के कस्तो भिन्नता रहेको छ र यसको सुधार गर्न र समानता ल्याउन आम सरोकारवालाले के के भूमिका निर्वाह गर्नु पर्दछ र प्रभावकारिता बृद्धि गर्न के गर्नुपर्छ भन्ने समस्यासंग यो अध्ययन सम्बन्धित रहेको छ ।

प्रारम्भिक बालकक्षा विद्यालयको मजबुत आधार हो । यस्को उचित व्यवस्थापन हुन सकेमा आउने दिनको विद्यालयको रूपरेखा कोर्ने गर्दछ । कलिलो मन मस्तिष्क भएका बालबालिकाहरूको उचित व्यवस्थापन र सहि शिक्षा प्रदान गर्नु आजको आवश्यकता पनि हो ।

कक्षा १ मा भर्ना हुन आउने बालबालिकाहरूले प्राप्त गर्ने सिकाइ उपलब्धीमा सुधार नभएसम्म माथिल्ला कक्षाको शैक्षिक विकास हुन सक्दैन । भाषाका विषयहरू

नेपाली र अंग्रेजी, गणित, विज्ञान, सामाजिक जस्ता विषयमा अवधारणाको विकास गर्न अति नै आवश्यक छ । विद्यालय स्तरको शिक्षामा व्यापक र आमूल परिवर्तन गर्न पनि प्रारम्भिक बाल शिक्षामा जोड दिनु पर्ने हुन्छ ।

विशेषतः आफूले अध्यापन गरिरहेको विद्यालय समाविष्ट भएको अनारमनी स्रोत केन्द्रमा सञ्चालनमा रहेका बाल शिक्षा केन्द्रहरूको वास्तविक वस्तुस्थिति हेर्न र देखिएका समस्याहरू पहिचान गरी सुझाव दिन र कमजोरी हटाइ बाल शिक्षामा सुधारात्मक प्रयास गर्नका लागि शोध-पत्रको विषय छनौट गरिएको छ ।

बाल शिक्षा सञ्चालनको क्षेत्रमा थुप्रै समस्याहरू देखिएका छन् । खेल मैदान, शौचालय, खाजाको व्यवस्थापन, खेल सामग्री, शैक्षिक गतिविधि र क्रियाकलाप, शुद्ध प्युने पानी, बालमैत्री व्यवहारमा सरोकारवालाको चासो, सहयोगी कार्यकर्ताको मनोवलको विकास जस्ता पक्षहरूमा देखिएका असमान गतिविधिहरूको खोजि गर्नु पर्ने अवस्था सृजना भएकोले पनि यो विषय छनौट गर्नु परेको छ ।

सम्पूर्ण आर्थिक लगानीमा सञ्चालन भैरहेका बालकक्षालाई विद्यालयमा आधारित बालशिक्षा भनिन्छ । जहा थप कक्षाका बालबालिकाहरू पनि अध्ययन गरिरहेका हुन्छन् ।

समुदाय या संघ संस्थाहरूले आफ्नो स्वामित्वमा रहेको भवन वा कोठा वा भाडाका घरमा राज्यको सिमित लगानीमा सम्पूर्ण व्यवस्थापन आफैले गर्ने गरी सञ्चालन गरेको बालकक्षालाई समुदायमा आधारित बालकक्षा भनिन्छ । विद्यालय र समुदायमा आधारित दुवै बालकक्षा बीचको व्यवस्थापकीय फरक तथा अन्तर सम्बन्धका बारेमा तुलनात्मक अध्ययन गर्नु पर्ने आवश्यकता महशुस गरी यो शीर्षक छनौट गरिएको छ ।

विद्यालय र समुदायबाट व्यवस्थित गरिएका बालकक्षाहरूबाट प्रारम्भिक बालकक्षा पूरा गरेका बालबालिकाहरूको शैक्षिक प्रगतिको अवस्था, व्यवहार परिवर्तनको अवस्था, सामाजिकीकरणको अवस्था, प्रारम्भिक बालशिक्षा पूरा गरी कक्षा १ मा भर्ना भइसकेपछि उक्त कक्षाको शैक्षिक उपलब्धी अवस्था कुन संस्थाबाट आएका बालबालिकाहरूको राम्रो देखिएको छ, खोज्नु पर्ने आवश्यकता महसुस गरी शीर्षक छनौट गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

राज्यको लगानी र उपस्थिति बढी र कम्ती हुँदाका बखत विद्यालय र समुदायमा आधारित बालकक्षाको शैक्षिक गतिविधिको अवस्था नियाल्नु पर्ने, अन्तरसम्बन्ध खोज्नु

पर्ने भएकोले यस्मा अनुसन्धानको खाँचो देखिएको छ । यसैलाई आधार मानी यो अनुसन्धान गरिएको छ ।

हाल नेपालमा विभिन्न प्रकारका बाल कक्षाहरु सञ्चालित छन् । तर ती कक्षाहरु बीचको शिक्षण विधि, शिक्षण सामग्री आदि समान छैनन् । यो अवस्थामा एक त बालमैत्री विद्यालय प्रतिको सचेतना अभिवृद्धि गर्न आवश्यक छ भने अर्कोतर्फ प्राथमिक शिक्षामा देखिएका पहुँच, नियमितता तथा गुणस्तरीयताका समस्याहरूलाई निर्मूल पार्नु पर्ने पनि खाँचो छ । बाल कक्षाप्रति बालबालिकाहरूलाई आकर्षित गर्न, कक्षाकोठालाई रुचीपूर्ण बनाउन, शिक्षणसिकाइ क्रियाकलापमा प्रभाकारिता र सान्दर्भिकता ल्याउन, बालबालिकाहरू प्रति शिक्षकले गर्ने व्यवहार सहभागितामूलक र मैत्रीपूर्ण बनाउन, दण्ड र भयरहीत वातावरण सिर्जना गर्न र बालअधिकारको संरक्षण गर्न कुनै पनि विद्यालय र समुदायले सञ्चालन गर्नु पर्ने शैक्षिक क्रियाकलापहरू यस अनुसन्धानको निष्कर्ष स्वरूप प्राप्त हुनेछन् । त्यसका आधारमा बालमैत्री शिक्षण क्रियाकलाप यसका विशेषताहरू, बालमैत्री शिक्षण-सिकाइ क्रियाकलापलाई रुचिपूर्ण बनाउन सकिन्छ भन्ने जस्ता सवालका सन्दर्भमा अध्ययन अनुसन्धान गर्न नितान्त जरुरी भएकोले यो नवीन विषयमा अध्ययन गरी ठोस निष्कर्ष प्रत्युत्पादन गर्नु नितान्त सान्दर्भिक र औचित्यपूर्ण ठानिएको छ ।

आगामी समयमा यस विषयमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि यो एक महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहनेछ । शैक्षिक योजनाकारका लागि यो अध्ययन अनुसन्धानले शैक्षिक योजना निर्माणमा सहयोग पुऱ्याउने छ । पाठ्यक्रम निर्माताका लागि समेत यो पाठ्यक्रम निर्माणमा उपयोगी हुनेछ । शिक्षकले विद्यार्थीहरूलाई शिक्षण गर्ने क्रममा समेत नयाँ-नयाँ तरिकाहरू प्रस्तुत गर्न सक्नेछ । नीति निर्माताका लागि पनि शैक्षिक नीति निर्माण गर्ने क्रममा यो अध्ययन उपयोगी हुनेछ । सिकाइ सम्बन्धी एक नयाँ अवधारणा यसले प्रस्तुत गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि कार्यलाई सहज रुपमा सम्पादन गर्नका लागि लक्ष्य किटान गर्नु पर्छ । विना लक्ष्यको यात्रा कहिले पनि गन्तव्यमा पुग्न सक्दैन । त्यैसैले यात्रा पूरा गर्नका लागि वा कामलाई समयमा सम्पन्न गर्नका लागि उद्देश्य प्रष्ट हुनुपर्दछ । विद्यालय र समुदायमा आधारित बालकक्षा व्यवस्थापन विषयक शोध-पत्र अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

१. विद्यालय र समुदायमा आधारित बाल शिक्षा बीचमा सञ्चालनको अवस्था पत्ता लगाउनु
२. विद्यालय र समुदायमा आधारित बाल शिक्षा कार्यक्रमको नतिजा तुलना गर्नु
३. विद्यालय र समुदायमा आधारित बाल शिक्षामा देखा परेका समस्या खोजी गर्नु
४. विद्यालय र समुदायमा आधारित बाल शिक्षामा देखिएका समस्या समाधानका उपायहरू पहिचान गर्नु

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

कुनै पनि कार्य थालनी गर्नु पूर्व जिज्ञासा उठाउनु,प्रश्न गर्नु स्वभाविक नै मानिन्छ । प्रश्न जिज्ञासा उठेन भने खोजी प्रभावकारी हुन सक्दैन । प्रभावकारी खोजी विना जोखिम र निस्कर्ष पत्ता लगाउनै सकिदैन । तसर्थ केही प्रश्नहरु यस प्रकार छन् :

१. विद्यालयमा आधारित र समुदायमा आधारित बाल कक्षा बीच कस्तो अन्तर सम्बन्ध रहेको छ ?
२. यिनीहरु बीचमा आर्थिक, भौतिक, शैक्षिक तथा प्रशासनिक पक्षमा के कस्तो फरक छ ?
३. यी दुई क्षेत्र बीचमा कसरी एकरुपता ल्याउन सकिन्छ ?
४. यिनीहरु बीचमा समन्वय गर्न के कस्ता उपायहरु अवलम्बन गर्नुपर्दछ ?
५. यी दुई क्षेत्र बीचको शैक्षणिक विधिको प्रयोग र प्रक्रिया कस्तो छ ?

यिनै माथि उल्लेखित प्रश्नहरूको जवाफ खोज्न यो अनुसन्धान गरिएको हो ।

## १.६. अध्ययनको परिसीमा

झापा जिल्लाको अनारमनी स्रोत केन्द्र अन्तगर्त रहेका बालकक्षाहरु मध्ये ४ वटा विद्यालयमा आधारित र ४ वटा समुदायमा आधारित बालकक्षामा यो अध्ययन सीमित गरिएको छ । किनकी यस अनारमनी स्रोत केन्द्रमा समुदायमा आधारित बालकक्षा जम्मा ४ वटा मात्र रहेकोले विद्यालयमा आधारित ४ वटा मात्र विद्यालय छनौट गर्नु परेको छ । यो अध्ययन सीमित समय, स्रोत र साधनको घेराभित्र रही गरिने हुँदा यसबाट प्राप्त निष्कर्ष राष्ट्रव्यापी रूपमा सामान्यीकरण गर्न सकिने छैन । यस अध्ययनमा छनौटमा परेका नमुनाहरूले अध्ययन क्षेत्रभित्रका सरोकारवाला सबैको प्रतिनिधित्व गर्छ भन्ने विश्वास राखिएको छ ।

# परिच्छेद दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकन भनेको विगतमा यस विषयमा भइसकेको अध्ययन अनुसन्धानको पुनः अवलोकन गर्नु हो । कहि न कहि कतै न कतै सम्बन्धित विषयका बारेमा लेखिएको हुन्छ सम्बन्धित क्षेत्रसँग सम्बन्धित अन्य सामग्रीहरूको तयार पारिएको हुन्छ । ति सामग्रीहरूको अध्ययन गर्दा शोधकर्तालाई थप उर्जा प्राप्त हुने भएकोले पनि सम्वन्धित क्षेत्रको पुनरावलोकन गर्नु पर्ने हुन्छ ।

यस क्षेत्रसँग सम्बन्धित अनुसन्धान लेख आलेख, विभिन्न संघ संस्था, विद्यालय, विषय विज्ञ आदिद्वारा तयार पारिएको ति सामग्रीहरूले धारणा र पद्दतिका बारेमा भविष्यमा गरिने अनुसन्धानको बाटो खुला हुन्छ । बाल कक्षा र बाल शिक्षाका बारेमा व्यक्ति, संघ-संस्थाहरूले अध्ययन अनुसन्धान गरेको पाइन्छ ।

विशेष गरेर चार वर्ष पूरा गरेका बालबच्चाहरूका लागि दिइने शिक्षा नै प्रारम्भिक बाल शिक्षा हो । यस उमेर समूहका बालबालिकाहरूको शिक्षण पद्दति विद्यालय र समुदायमा कसरी भैरहेको छ त्यस्का बारेमा अनुसन्धानकर्ताहरूले के कस्ता सवालहरू उठाएका छन् तिनीहरूको पुनः अध्ययन गरी थप के गर्न सकिन्छ त्यस्को बारेमा शोध तयार पार्नु दायित्व थपिएको महसुस गरेको छ ।

गौतम (२०७२:९०) ले शिक्षक मासिक पत्रिकामा 'हामी सुध्रिए बालबालिका त त्यसै सुध्रिन्छन्' शीर्षकको लेखमा लेखकले बालमनोविज्ञानको कुरा उठाउँदै बच्चाको सिक्ने उमेरमा ठुलाबाट देखाउने नकारात्मकम व्यवहारले बच्चालाई सिक्नबाट बन्चित गरिएको तर्फ पेश गर्छन् । छामेर, सुँघेर, चाटेर, हेरेर र प्रत्यक्ष अनुभवबाट सिकिने कार्य जीवन पर्यन्त रहने कुरा तर्फ इंगित गर्दै बालबच्चालाई हर तरहबाट पूर्ण गराउन वा बनाउन हाम्रा बानी-व्यवहार, सिकाइ पद्दतिमा आमूल परिवर्तन गर्ने हो भने बच्चा इमान्दार, समजदार र जिज्ञासु बन्दै अघि बढ्न सक्छन् भन्ने धारणा राखेको पाइन्छ । उनी लेख्छन् 'बच्चा भाँडा खेलाउन खोज्छ, हामी तिनीहरू फुट्ने ठान्छौ । बच्चाले जे सुकै गरोस् हामी समस्या बढ्ने ठान्छौं । अनि सुरु हुन्छ धावा बोल्ने काम । यो पनि

नगर, त्यो पनि नगर । अनि के चाँही गर्ने हो बच्चाले । बच्चा केही नगरी बस्नै नसक्ने, हामी उस्लाई केही गर्न नदिने । समस्या यहिँ नेर छ ।' उनी पुनः लेख्छन् बच्चामा हुने अनावश्यक हठ वा स्वाभावलाई नकार्न सक्नु पर्दछ । बच्चा एक-दुई पटक रुन, कराउन, रिसाउन वा ठुस्सिन सक्छ । यस्तोमा हामी गल्नु हुँदैन । सहि कुरा बुझाउने प्रयत्न गर्नुपर्दछ ।

प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरूलाई उनीहरूको इच्छा अनुसार कुनै पनि काम गर्न विद्यालय र समुदाय दुवै ठाउँमा दिइदैन । अझ समुदायमा आधारित बालकक्षामा बढी नै अनुशासनमा राख्ने प्रयास गरिएको हुन्छ भने कतिपयले अनावश्यक कुरामा बच्चालाई प्रोत्साहित गरिएको पनि पाइन्छ । यहाँ यस्तो हुनुको कारण पहिल्याउने प्रयास गरिएको छ ।

गौतम (२०७०:६४) ले 'शिक्षक मासिक पत्रिकामा गुणस्तरीयता सुनिश्चित गर्ने १० उपाय' शीर्षकको लेखमा लेखकले मा.वि., उ.मा.वि., क्याम्पसमा लगानी बढाउनुको सट्टा ३-४ वर्ष उमेरका बालबालिकाका लागि आवश्यक पर्ने बाल कक्षा , ECD वा विद्यालयमा स्थापना गरी बाल शिक्षामा जोड दिनु पर्ने तर्फ इंगित गरेका छन् । बाल कक्षामा अध्ययन गरी कक्षा १ मा गएका बालबच्चा सोझै कक्षा १ मा भर्ना भएका भन्दा उत्कृष्ट पाइने तर्फ पेश गरेका छन् । राज्य र समाजले समेत उपेक्षा गरेको बाल कक्षालाई पर्याप्त मात्रामा मलजल गरे जग मजबुत बन्ने छ । त्यही आधारशीलामा तयार भएका बालबच्चा भोलिका लागि सक्षम नागरिक बन्नेछन् । गौतम लेख्छन् मानव मस्तिष्क को ८०% विकास बाल्यकालको पहिलो १८ महिनामा हुने गर्छ । त्यसो हो भने बुढो मस्तिष्कलाई भन्दा बालबालिकाहरुलाई खेल्ने फल्ने मौका प्रदान गर्नु अति उत्तम हुने छ ।

यो लेखले माथिल्ला कक्षा समेत सञ्चालन भएका विद्यालयमा बालकक्षामा त्यति धेरै ध्यान दिइएको हुँदैन तर समुदायमा आधारित बालकक्षामा भने उनीहरूलाई विद्यालयको भन्दा बढी ध्यान दिएको पाइएकोले पनि यो लेख अध्ययनका लागि सहयोगी रहेको छ ।

वास्तवमा समाजले प्रारम्भिक बाल विकासमा लगानी गरेर अद्धितीय दीर्घकालीन लाभ हासिल गर्न सक्छ । सबै भन्दा वास्तविक र तत्कालको लाम भनेको बालबालिकाको विद्यालयमा हुने सफलताको प्रदर्शन हो । कक्षा १ मा नेपालको उच्च

भर्नादरका साथै सुरुका कक्षाहरूमा बीच मै छाड्ने र दोहोऱ्याउने उच्च दरको एउटा प्रमुख कारण पूर्व प्राथमिक शिक्षा र बालबालिकाको मनो-सामाजिक प्रोत्साहनको अभाव हो ।

नेपालका विभिन्न भागमा विविध स्तरका ३१ हजार भन्दा बढी पूर्व प्राथमिक बाल विकास केन्द्रहरू रहेको बताइन्छ । यो संख्या सन् २०१५ सम्म ७०,००० त्यस्ता केन्द्र स्थापना गर्ने र ३-४ वर्ष उमेर समूहका ८०% बालबालिकाहरूलाई समेट्ने नेपाल सरकारको लक्ष्य भन्दा निकै कम हो । यो मूल्यवान लक्ष्य पूर्व प्राथमिक बाल हेरचाहकर्ता, मोनिटर्स र शिक्षकहरूको तालिम र परिचालनमा सुहाउँदो लगानी सहित पूर्ण समर्थनको हकदार छ, गौतम लेख्छन् ।

उनी लेख्छन्, विद्यालयलाई बालमैत्री बनाउने एउटा रणनीति त्यहाँ महिला शिक्षकहरूको संख्या र अनुपातमा वृद्धि गर्नु हो ।

भण्डारी (२०७०) ले 'बाल शिक्षा र यसको महत्त्व' नामक लेखमा विशेषत झापामा सञ्चालित बाल कक्षाहरूको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार जि.शि.का झापाले यस आ.व.मा विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तरगत राखेका मुख्य दश कार्यक्रम अन्तरगत प्रारम्भिक बाल विकास तथा शिक्षालाई पहिला प्राथमिकतामा राखेको छ । जसका लागि २,८९,२७००० रूपियाँ प्राथमिक बाल विकास केन्द्र तथा शिक्षा शीर्षकमा बजेट नै छुट्याएको छ । बाल विकास केन्द्रमा अध्ययन गर्ने विद्यार्थीको संख्या हिजोको तुलनामा अझै बढेर गएको छ । समग्र जिल्लाको तथ्याङ्कलाई हेर्ने हो भने यस आर्थिक वर्षमा मात्रै १९ वटा बाल विकास केन्द्र थप गरिएको छ ।

यो लेखले आर्थिक सहयोग यथेष्ठ रूपमा बालकक्षामा हुने हो भने सुविधा बढ्नुका साथसाथै अतिरिक्त क्रियाकलाप समेत बढी हुने हुनाले विद्यालय र समुदायमा आधारित बालकक्षामा भर्ना दर बढेको इंगित गरेकाले यसले समेत अध्ययनमा सहयोग गरेको छ ।

यसरी हेर्दा बाल विकास केन्द्र जुन उद्देश्यका साथ सञ्चालनमा ल्याइएको हो यसले शहरी क्षेत्रमा मात्र विस्तार पाएको छ । सुविधाविहीन ग्रामीण इलाकामा यो पुग्न नसकेको तर्फ औंल्याउँछन् उनी ।

तिम्सिना (२०७२) ले सामुदायिक विद्यालयमा सञ्चालित बाल विकास केन्द्र व्यवस्थापन शीर्षकको शेध-पत्रमा शोधकर्ताले सामुदायिक विद्यालयमा सञ्चालित

बालविकास केन्द्रहरुमा व्यवस्थापकिय अवस्थाको पहिचान गरी त्यस्का सवल पक्षहरुको उठान गर्दै नीति निर्माण तहका लागि सुझावहरु कार्यान्वयन तहका लागि सुझावहरु र अनुसन्धानका लागि सुझावहरु प्रस्ताव गरेकी छन् । आगामी दिनमा प्रारम्भिक बाल विकास केन्द्रको व्यवस्थापनमा यी सबै  निकायहरुले गम्भिरताका साथ सोच्नु पर्ने र बालबालिकाको सिकाइ प्रकृयामा आधुनिकरण गर्दै स्रोत साधनको अधिकतम रुपमा व्यवस्थापन,प्रयोग र भण्डारण गर्नु पर्ने तर्फ इंगित गरेकीछन् ।

यो लेखमा जिम्मेवारीको बाँडफाड र तत सम्बन्धी कार्य गरेमा बाल शिक्षा विकासमा उल्लेखीय प्रगति हुन सक्ने तर्फ ध्यान केन्द्रित गरेकोले यस्ले अध्ययनमा सहयोग पुऱ्याएको छ ।

यि सवै लेखहरूमा बाल शिक्षासँग सम्बन्धित कुराहरू उठाइएको छ । बालबालिकाहरूको भविष्यलाई सुनिश्चित गर्न, गुणस्तरीय शिक्षा प्रदान गर्न अपनाउनु पर्ने शर्तहरू तरिकाहरूलाई प्राथमिकता दिइ लेखिएकाले विद्यालय र समुदायमा आधारित बालकक्षाको व्यवस्थापन, अन्तरसम्बन्ध, फरक अवस्था बारेमा अध्ययन गर्न, तुलना गर्न सहयोग पुग्ने भएकोले नै यि लेखहरूलाई यस शोध-पत्रमा स्थान दिएको छ ।

खेल्दै सिक्दै गर्ने उमेरका बालबालिकाहरुको लागि खेल सामग्री, टुक्राबाट सिंगो बनाउने खेल, सामान्य स्तरका खेलका कार्य, सुत्ने आराम गर्ने, खाजा खाने, मनोरञ्जनात्मक कार्यक्रम गर्ने बालबालिकाहरुका अभिभावकहरुलाई सम्मान गर्ने वसाइको व्यवस्था, शौचालय, खेल मैदान प्यूने पानीको व्यवस्था जस्ता कुराहरुमा सम्बन्धित पक्षलाई सुझाव दिएकी छन ।

बाल मस्तिष्क, बाल मनोविज्ञान,चाहना रुचि आदिको वारेमा सचेत रहि बालबालिकाहरुलाई सिक्न प्रेरित गर्नु पर्ने,सजाय डर त्रासलाई निमिठ्यान्न बनाउँदै बालमैत्री वातावरणमा शिक्षा दिनु पर्ने तर्फ पनि ध्यान दिनु पर्ने तर्क प्रस्तुत गरकीछन ।

यस शोध-पत्रको अनुसन्धानमा फ्रोवेल र मन्टेश्वरीको सैद्धान्तिक खाका छनौट गरिएका छन् । यि दुबै सिद्धान्तले बालकेन्द्रित शिक्षण सिकाइ गर्ने विधिहरु, क्रियाकलापहरु र शैक्षिक सामग्रीहरु प्रारम्भिक बालविकास कक्षामा अध्ययनरत बालबालिकाहरुमा प्रयोग गर्न मेल खाएको शोध-पत्रमा देखाएकी छन् साथै यी सिद्धान्त

अनुसार शिक्षण सिकाइ बाल मैत्री वातावरणमा बालबालिकाहरुको उमेर र स्वभाव अनुकूल छनौट गरी अगाडि बढाउँन प्रशस्त सहयोग पुऱ्याएको निस्कर्ष निकालेकी छन् शोध कर्ताले ।

समग्रमा शोध-पत्रमा धेरै कुराहरु उठाइएको भए पनि विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता वा विद्यालय र समुदायमा आधारित बालकेन्द्र शिक्षाको व्यवस्थापन बिचको भिन्नतामा शोध-पत्र मौन रहेको छ । यसै प्रशंगलाई यस शोध-पत्रमा उठाउँने प्रयास गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रारम्भिक बाल्यवस्थालाई सीप सिक्ने उमेर पनि भनिन्छ किनभने त्यस अवस्थाका बालबालिकाहरु छिटा छरिता र फूर्तिला हुन्छन्, नयाँ नयाँ कुरा सिकेर आनन्द लिन्छन् । यस अवस्थाका बालबालिकहरुलाई नयाँ नयाँ र राम्रा राम्रा सीपहरुमा अभ्यस्त गराउनु राम्रा बानी व्यवहारको नक्कल गर्न लगाउनु ज्यादै राम्रा मानिन्छ । यस अवस्थामा सिकेको राम्रो सीपले बालबालिकको भविश्यको मार्गनिर्देशन गर्नुको साथै सिकाई दीगो र अर्थपूर्ण हुन्छ । सिकाइलाई अर्थपूर्ण र दीगो बनाउने यस अध्ययनमा फ्रिड्रिक विलियम अगस्त फ्रोबेलको किन्डर गार्टन विधि र मन्टेश्वरी विधिलाई प्रयोग गरिएको छ ।

सन् १७८२ मा जर्मनीमा जन्मिएका प्रसिद्ध शिक्षाशास्त्री फ्रेवेलले बाल्यअवस्थामै जन्म दिने आमा गुमाए । सैतिनी आमा र बुबाको गलत व्यवहारबाट विरक्तिएर उनी जङ्गल जङ्गल चाहर्दै हिँड्दा प्राप्त गरेको अतुलनीय स्वर्गिय आनन्दबाट प्रभावित बन्दै ४४ वर्षको उमेरमा आफ्नो प्रसिद्ध पुस्तक मानवको शिक्षा प्रकाशित गरे । उक्त पुस्तकमा उनले बालबालिकालाई सुन्दर फूलका बोटहरु, विद्यालयलाई वगैचा र शिक्षालाई माली भनी चित्रण गरेका दिए । जसरी एउटा वीऊ भित्र सिङ्गो वृक्ष रहेको हुन्छ । त्यसरी नै एउटा बालकमा पूर्ण व्यक्ति निहित हुन्छ भन्दै किन्डर गार्डेन विधिको अवधारणालाई अघि सारेका थिए । जहाँ बालबालिकाहरु स्वतन्त्रतापूवर्क खेल्दै रमाउदै सिक्न सक्छन् भन्ने स्पष्ट धारणा थियो उनको । यहाँ प्रारम्भिक बालशिक्षाका जन्मदाता फ्रेवेलको बालबगैचा विधिलाई शोधपत्र अध्ययनको आधार बनाइएको छ । खेलको

माध्यमबाट बालबालिकामा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन सक्नु शिक्षक वा सहयोगी कार्यकर्ताको अहम् भूमिका रहेको मान्न सकिन्छ ।

रोम विश्वविद्यालयमा मन्द बुद्धि भएका बालकको उपचार कार्यमा क्रियाशील रहेकी मेरिया मन्टेश्वरी (१९७०) को ध्यान उपचारमा मात्र होइन शिक्षा तिरपनि आकर्षित भएकाले मन्द बुद्धि भएका बालकलाई शिक्षा समेत दिने हेतुले मन्टेश्वरी विधि वा पद्धतिको विकास गरिन् जुन पछि गएर सबै बालबालिकाहरुको लागि उपयुक्त विधि ठहरिन गयो ।

फ्रोवेल झैं मन्टेश्वरीले पनि बालबालिकाहरुलाई स्वतन्त्रतापूर्वक खेल विधिको प्रयोग गर्दै सिकाइ गर्नुका साथसाथै कर्मेन्द्रिय (मांशपेशी), ज्ञानन्द्रियको उचित रुपमा प्रयोग गर्न दिई भाषा र गणितको समेत सिकाई गर्न सकिने धारणा मन्टेश्वरीले अघि सारेकी थिईन् जुन आजको सन्दर्भमा पनि उत्तिकै प्रभावकारी बनिरहेको छ । यि दुबै विधिलाई यस अध्ययनमा प्रयोग गरिएको छ ।

यि दुवै जना बाल मनोवैज्ञानिहरूले प्रारम्भिक बाल कक्षाको पठन-पाठन अन्तरगत किन्डर गार्डेन-खेल विधि र मन्टेश्वरी अन्तरगत कर्मेन्द्रिय र ज्ञानेन्द्रियको सहि तरिकाले प्रयोग गर्न सके बालकले दिगो सिकाइ हुने साथै यि दुवै विधिलाई विद्यालयमा आधारित बालशिक्षा र समुदायमा आधारित बालशिक्षामा कहाँनेरी कसरी प्रयोग गरिएको छ त्यसको अध्ययन गर्न सजिलो हुने भएकोले फ्रोवेल तथा मन्टेश्वरी विधिलाई सैद्धान्तिक खाकामा लिइएको हो ।

यि दुई विधिले बालबालिकाको मनोभावना बुझ्रेर सोही अनुरुप शिक्षण सिकाइ गर्दा शिक्षामा गुणात्मक फड्को मार्न सकिने सरल र सहज तथा नविनतम विधि भएकोले पनि सहयोग लिइएको हो ।

## २.३ पुनरावलोकनको उपादेयता

राज्यको सिगो बजेटको करिब १५ देखि १७ प्रतिशतसम्म शिक्षा क्षेत्रमा लगानी गरेको हुन्छ । यो लगानी अनुरुपको प्रतिफल, नपाएको (नभएको आम जन गुनासो छ । शिक्षा जगतको विविध क्षेत्र क्षेत्र अन्तरगत बालविकास कार्यक्रम पनि एक हो । यस कार्यक्रमको उद्देश्य अनुसार विद्यालय र समुदायद्वारा सञ्चालित बालविकास केन्द्रले विद्यार्थीको सिकाइमा ल्याएको परिवर्तनको अन्तरसम्बन्ध र अन्तरको विश्लेषणका लागि

यो अध्ययनले महत्वपूर्ण भूमिका खेल्न सक्छ । शिक्षा जगतका अन्य कार्यक्रम जस्तै यसबाट पनि आशातित उपलब्धि हासिल भयो भएन भएको भए अझ प्रभावकारी बनाउन के के कार्यक्रम थप गर्नुपर्दछ ? नभएको भए बौकल्पिक कार्यक्रमहरु के के हुन सक्छन् ? बालविकास कार्यक्रम लागू गर्दा आइपरेका समस्याहरु, चुनौतीहरु के के छन् ? यिनीहरुको समाधानका उपाय के के हुन सक्छन् ? सो को बारेमा सल्लाह सुझाव दिन अनुसन्धानको भूमिका अहम् हुन सक्छ । नीति निर्माण तहका लागि, कार्यान्वयन तहका लागि र अनुसन्धान तहका लागि यसमा प्रयोग गरिएको सैद्धान्तिक अवधारणाहरु माथि उल्लेखितहरुलाई व्यवस्थापन प्रभावकारी र समयानुकूल बनाउन सहयोग पुग्दछ ।

सम्बन्धित विभिन्न साहित्यको पुनरावलोकनबाट प्राप्त हुन आएका प्राप्ति र यस अनुसन्धानबाट प्राप्त भएको प्राप्तिको बीचको अन्तरसम्बन्धको तुलना गर्दै निष्कर्ष निकालिएको छ ।

यस अध्ययनले विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रको विकास र विस्तारका लागि आर्थिक, भौतिक, शैक्षिक तथा व्यवस्थापकिय र प्रशासनिक क्षेत्रमा सुधार गर्न आवश्यक सुझाव सल्लाह समेत दिएको छ भने अनुसन्धानकर्तालाई अध्ययन स्रोत सामग्रीको रुपमा उपयोगी हुने समेत ठहर गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अनुसन्धान विधिको विवरण तयार गर्नु शोध प्रस्ताव लेखनका क्रममा सवभन्दा महत्वपूर्ण मानिन्छ । यसका लागि प्रस्ताव गरिएको अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट पार्नु जरुरी हुन्छ । यस प्रक्रिया अन्तरगत सामग्री संकलनको विधि, प्रकृया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु आवश्यक हुन्छ । त्यसैले अनुसन्धानका लागि आवश्यक सामग्रीहरुको श्रोत, सामग्रीहरुको संकलन र त्यसको परीक्षण आदि समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ । "विद्यालयमा आधारित वालशिक्षा र समुदायमा आधारित बाल शिक्षा बीचको तुलना" विषयको यस अनुसन्धान कार्यमा निम्न अनुसारको अध्ययन विधि अवलम्वन गरिएको छ :

## ३.१. अनुसन्धान ढाँचा

अध्ययन एवम् अनुसन्धान एक महत्वपूर्ण र जटील कार्य हो । कार्य सम्पन्न गर्ने क्रममा यसका विविध पक्षको विस्तृत जानकारी प्राप्त गरी निष्कर्षमा पुग्नु पर्दछ । यो अध्ययनमा मैले विद्यालयमा आधारित र समुदायमा आधारित बालकक्षा बीचमा भएको अन्तर पत्ता लगाई तिनीहरुको शिक्षण विधि, प्रक्रिया र क्रियाकलापमा एकरुपता ल्याउनका लागि स्थलगत अध्ययनबाट प्राप्त प्राथमिक र द्वितीय स्रोत, तथ्यांङ्क र छलफलबाट प्राप्त सूचनालाई आधारमानी वर्णनात्मक रुपमा तुलना र विश्लेषण गरिएको हुँदा अध्ययनको अनुसन्धानात्मक ढाँचा गुणात्मक र मिश्रित पद्धत्तिमा आधारित छ । अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कहरुलाई परिमाणात्मक रुपमा समेत व्यक्त गरिएको छ ।

## ३.२. अध्ययनको जनसंख्या र नमूना छनौट

यस अध्ययनको लागि निम्ननानुसारको जनसंख्या, नमूना र आकार छनौट गरिएको छ :

### ३.२.१ जनसङ्ख्या

झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तरगत सञ्चालित जम्मा ५७ वटा विद्यालयमा आधारित बालकक्षा मध्ये ४ वटा विद्यालयहरुका शिक्षकहरु, विद्यार्थीहरु, प्र.अ.हरु र अभिभावकहरुको तथा ४ बटा समुदायमा आधारित बालकक्षाका सामुदायिक

अध्ययन केन्द्रका सञ्चालक, शिक्षक तथा अभिभावकलाई पूर्ण जनसंख्या मानि त्यसबाट नमूना छनौट गरिएको छ ।

तालिका नं. १ : छनौटमा परेका विद्यालयको बालकक्षाका विद्यार्थीहरुको विवरण

| क्र | विद्यालय/संस्थाको नाम | वालकक्षा को सख्या | विद्यार्थी | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १. | मोहनमाया मावि,चारपाने | २ | २२ | १८ | ४० |
| २. | महेन्द्ररत्न मावि,अनारमनी | ७ | ६२ | ८८ | १५० |
| ३. | लक्ष्मीनारायण प्रावि,गरामनी | २ | २५ | १७ | ४२ |
| **विद्यालयमा आधारित तर्फको जम्मा** | | ११ | १०९ | १२३ | २३२ |
| ४. | विराट सामुदायिक बालविकास केन्द्र, अनारमनी | २ | १८ | २४ | ४२ |
| ५. | सेतो गुराँस बालविकास केन्द्र, विर्तामोड | २ | १० | ८ | १८ |
| **समुदायमा आधारित तर्फको जम्मा** | | ४ | **२८** | **३२** | **६०** |

स्रोतः विद्यालय तथा संस्था

अनारमनी स्रोतकेन्द्रको शैक्षिक सत्र २०७३ को विद्यार्थी अभिलेखलाई हेर्दा विद्यालयमा आधारित बालकक्षामा समुदायमा आधारित बालकक्षाको भन्दा विद्यार्थीको संख्या बढी पाइयो । अवलोकनको क्रममा समुदायमा आधारित बालकक्षामा स्रोतकेन्द्रबाट प्राप्त भएको विद्यार्थी विवरण भन्दा कम्ति विद्यार्थीहरु अथवा सेतो गुराँसमा १८ जनामा ६ जना र विराटमा ४२ जनामा १५ जना मात्र विद्यार्थीहरु पाइएको थियो ।

छनौटमा परेका विद्यालय र समुदायमा आधारित बालकक्षामा अध्यापन गराउने शिक्षकमा सबै महिला मात्र पाईयो । विशेष गरेर बच्चा जन्माइ सकेका शिक्षकबाट बालबालिकाहरुले बालमैत्री वातावरणमा सिक्ने अवसर पाएको देखियो । सहयोगी कार्यकर्ताहरु मध्ये विद्यालयमा आधारित कालकक्षामा अध्यापन गराउनेहरु सामान्यतया

खुशी नै भएको पाइयो किनकी विद्यालयमा भएका अरु शिक्षकहरुबाट पनि बेलाबेला सहयोग पाउने गरेको जानकारी उनीहरुबाट पाइयो । तर समुदायमा आधारित कालकक्षामा पढाउनेको हकमा यस्तो विचार पाइएन । पारिश्रमिक कम पाएको गुनासो दुवै थरिले छलफलको क्रममा पाइयो । अनुसूची ७

तालिका नं.२ : जिल्ला तथा स्रोतकेन्द्रको विद्यार्थी विवरण

| क्र | विवरण प्राप्त भएका संस्थाको नाम | विद्यार्थी | | | बालकक्षाको संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | विद्यालय | समुदाय | | |
| १ | जि.शि.का.झापा | १३७८९ | १२३४१ | २६१३० | ७०५ | ३३२ | १०४२ | |
| २ | स्रोतकेन्द्र अनारमनी | ४४५ | ४७१ | ९१६ | ५२ | ७ | ५९ | |
| ३ | छनौटमा परेका विद्यालय | ४०० | ४१५ | ८१५ | - | - | - | |
| ४ | छनौटमा परेका सामुदायिक संस्था | २८ | ३२ | ६० | - | - | - | |

*स्रोत: २०७३ को अनारमनी स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयको विद्यार्थी अभिलेखबाट ।*

माथिको तालिकालाई अध्ययन गर्दा झापा जिल्लामा सञ्चालन भएका बालविकास केन्द्रमा शैक्षिक सत्र २०७३ को विद्यार्थी अभिलेखलाई विश्लेषण गर्दा बालकक्षामा अध्ययन गरिरहेका बालबालिकाहरु मध्ये केटाको संख्या १३,७८९ र केटीको संख्या १२,३४१ देखिन्छ भने केटाको संख्या केटीको भन्दा १,४४८ ले बढी रहेको पाइयो । जिल्ला शिक्षा कार्यालयबाट विद्यालय र समुदायमा आधारित बालकक्षामा अध्ययनरत बालबालिकाहरुको छुट्टा छुट्टै विवरण प्राप्त हुन सकेन तरै पनि जम्मा विद्यार्थीहरुको आधारमा विश्लेषण गरिएको छ । यि सवै तथ्याङ्कको आधारमा पनि समुदायमा आधारित बालकक्षाहरु धमाधम विद्यालयमा गाभिने क्रम बढेको पाइयो ।

### ३.२.२. नमूनाको आकार

झापा जिल्लाको अनारमनी स्रोत केन्द्रमा सञ्चालित ५७ वटा बालकक्षा मध्ये ४ वटा विद्यालयलाई मात्र छनौट गरिएको छ । यसरी छनौट भएका विद्यालयहरुबाट तथ्याङ्क संकलन गर्न जम्मा २४ जना सहभागीहरुलाई पनि उद्देश्यपूर्ण नमूना छनौट

विधि अनुसार छनौट गरी नमूना जनसङ्ख्याको रुपमा लिई अध्ययन गरिएको छ । छानिएको विद्यालय र उत्तरदाताहरुको विवरण निम्नानुसार छ ।

प्राथमिक तहको प्रशनावलीको विवरण प्र.अ., अध्यक्ष, स.का. अभिभावक, स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यालय झापाबाट उपलब्ध भएको थियो ।

अनारमनी स्रोतकेन्द्रमा हाल ५७ वटा बाविकास केन्द्रहरु सञ्चालनमा रहेका मध्ये ४ वटा मात्र समुदायमा रहेकोले पनि नमुना छनौटमा विद्यालयमा आधारित ४ वटा स्रोतकक्षा र समुदायमा आधारित ४ वटा कक्षाहरुमा अनुसन्धान गएिकोछ । यस्ले समग्र स्रोतकेन्द्रको प्रतिनिधित्व गर्नेछ ।

### ३.२.३.नमूना छनौटको विधि

झापा जिल्ला अनारमनी स्रोत केन्द्र भित्र २३ वटा सामुदायिक विद्यालयमा सञ्चालित ५७ वटा बालकक्षा र २ वटा सामुदायिक अध्ययन केन्द्रका ४/४ वटा बाल कक्षाबाट उद्देश्यपूर्ण नमूना छनोटकै आधारमा उत्तरदाताहरु छनोट गरिएको छ ।

## ३.३. अनुसन्धानका साधनहरु

यस अनुसन्धानका क्रममा निम्न अनुसारका अनुसन्धानका साधनहरु प्रयोग गरिएको छ

प्रधानाध्यापक र सहयोगी कार्यकर्ताहरुबाट खुला प्रश्नावली मार्फत राय संकलन गरिनेछ ।

विद्यार्थी, व्यवस्थापन समिति , शिक्षक अभिभावक संघका प्रतिनिधिबाट बन्द प्रश्नावली मार्फत राय संकलन गरिने छ ।

विद्यालय तथा समुदायमा विद्यमान भौतिक, शैक्षिक सामग्री र अन्य परिवर्तन र सुधारहरु सम्वन्धमा स्थलगत अवलोकन र अभिलेख अध्ययन गरिने छ ।

अभिभावक र सरोकारवालासँग छलफल गराइ आवश्यक जानकारी प्राप्त गरिने छ ।

## ३.४. तथ्याङ्कका श्रोतहरु

यो अध्ययन कार्य सम्पन्न गर्न आवश्यक पर्ने तथ्याङ्क र जानकारी संकलनका लागि निम्न अनुसारका श्रोतहरु उपयोग गरिएको छ :-

### ३.४.१ प्राथमिक श्रोत

यस अध्ययनका सन्दर्भमा प्रश्नावली, अन्तवार्ता, अवलोकन र छलफलबाट प्राप्त

तथ्याङ्कहरुलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ । यस्ता स्रोतहरु शोधकर्ता आफै सम्वन्धित क्षेत्रमा गई प्रश्नावली भराउने, अवलोकन र छलफल जस्ता क्रियाकलाप गरिएको छ । तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका प्रश्वावली र फारमहरु अनुसूचीमा राखिएको छ ।

### ३.४.२ द्वितीय श्रोत

यो अध्ययनको क्रममा विद्यालयका अभिलेखहरु, श्रोतकेन्द्र, जि.शि.का., शिक्षा ऐन, पत्र पत्रिका, लेख रचना, अप्रकाशित शोधपत्र र प्रतिवेदनबाट प्राप्त तथ्याङ्क, सूचना र जानकारीलाई द्वितीय श्रोतका रुपमा लिइएको छ ।

## ३.५. तथ्याङ्क सङ्कलन प्रकृया

प्रस्ताव गरिएको शोधपत्र तयार गर्ने क्रममा आवश्यक पर्ने सूचना, तथ्याङ्क र जानकारी प्राप्त गर्नको लागि शोधकर्ता आफैले बन्द र खुला प्रश्नावली तयार गरी नमूना छनोटमा परेका विद्यालयमा गइ सम्वन्धित प्र.अ. र शिक्षकसँग खुल्ला प्रश्नावली भर्न लगाइको छ । त्यस्तै गरी विद्यार्थी, वि.व्य.स. र शि.अ. संघका पदाधिकारीहरुलाई छुट्टाछुट्टै बन्द प्रश्नावली भर्न लगाइको छ । त्यस्तै शिक्षक र अन्य सरोकारवाला पक्षसँग छलफल गरी आवश्यक जानकारी प्राप्त गरिएको छ । यस कार्यको लागि शोधकर्ता आफैं विद्यालयमा पुगी सम्वन्धित पक्षसँग प्रत्यक्ष सम्पर्क गरी प्राथमिक स्तरका जानकारी प्राप्त गरिने छ ।

## ३.६. तथ्याङ्क विश्लेषण प्रकृया

यस शोधकार्यमा शोधकर्ताद्वारा संकलित तथ्याङ्क, सूचनाहरु र जानकारीहरु समेतलाई आधार मानी तथ्याङ्कको श्रोत र विषयवस्तुको आधारमा अलग अलग तालिकीकरण गरी वर्णनात्मक र गुणात्मक रुपले तुलना गरी विश्लेषण गरिनेछ । यसरी विश्लेषण गर्दा आवश्यकता अनुसार तालिका तश्विरको प्रस्तुती समेतबाट प्रष्ट पारिने छ ।

शोध कार्यका लागि छनौटमा परेका अनारमनी स्रोत केन्द्रमा रहेका विद्यालय र समुदायमा आधारित बालकक्षासँग सरोकार राख्ने सरोकारवाला, प्रधानाध्यापक, सहयोगी कार्यकर्ता, संस्थाका व्यवस्थापन समितिका अध्यक्ष/सदस्य, सम्बन्धित बालबालिकाहरुका

अभिभावक, विद्यार्थीहरु, अन्य शिक्षकहरु, स्रोत व्यक्ति, जिल्ला शिक्षा कार्यालयका प्रारम्भिक बाल शिक्षा हेर्ने जिम्मेवार व्यक्ति आदिलाई भेटेर शोध कार्यका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराईदिएर आवश्यक सल्लाह सुझाव सहित सहयोग गरिदिन अनुरोध गर्दै बन्द तथा खुल्ला प्रश्नावली तयार गरी सम्बन्धित व्यक्तिहरुलाई उपलब्ध गराईने छ ।

विशेषतः यस शोधकार्यको विषयका लागि सबैभन्दा नजिक रहेर कार्य गर्ने प्रधानाध्यापक र सहयोगी कार्यकर्ताहरुसँग विद्यालय वा समुदायमा सञ्चालित बालशिक्षा तर्फको बालकक्षाका सबै पक्षहरु, भौतिक अवस्था, शैक्षणिक अवस्था, खाजाको व्यवस्था, पिउने पानीको व्यवस्थापन, शौचालय, खेल्ने मैदान, बालबालिकासँग सम्बन्धित रहने अतिरिक्त कृयाकलाप सञ्चालनको अवस्था, विद्यार्थी उपस्थिति, नियमितता, अभिभावकको बालकक्षा पूतिको चासो, समाजले बालकक्षालाई हेर्ने दृष्टिकोण, प्रारम्भिक बालकक्षा पूरा गरेका बालबालिकाको शैक्षिक गुणस्तरको अवस्था लगायतका बालबालिकासँग सरोकार राख्ने सबै खालका प्रश्नहरु र जिज्ञासाहरुको सूचना तथा छलफल अन्तरकृया र प्रश्नावलीबाट प्राप्त गरिने छ । यसरी सूचना तथा तथ्याङ्कहरु प्राप्तिको लागि शोधकर्ता आफै सम्बन्धित विद्यालय र समुदायमा आधारित बालकक्षामा उपस्थित भई सङ्कलन गरिने छ ।

प्रश्नावलीमा भएको जवाफहरुको तालिका निर्माण गरी सो को अवस्था कस्तो रहेको छ भन्ने जिज्ञासाको उत्तर खोजिने छ । विशेष गरेर विद्यालय र समुदायमा आधारित बालकक्षा सञ्चालन तथा व्यवस्थापनमा के कस्ता समानता र अन्तर रहेकाछन्, शिक्षण सिकाइको प्रभावकारिता, बालबालिकाको शारीरिक मानसिक तथा बौद्धिक विकासको अवस्था जानकारी पाउँन समेत शोधकर्ताले आवश्यक ठानेकोले सोको वारेमा समेत छलफल, अन्तकृयाबाट जवाफ खोजिनेछ  र ति जवाफहरुको तुलनात्मक अध्ययन गरिने छ (अन्सूची ७ ) ।

# परिच्छेद चार

# नतिजाको विश्लेषण

बालबालिकालाई ३-४ वर्षको उमेरमा विद्यालय वा समुदायमा खेल तथा श्रब्य दृष्य सामग्रीको माध्यमबाट शिक्षण सिकाइ गरिनुलाई प्रारम्भिक बाल विकास केन्द्र भनिन्छ भने शिक्षण गरिनुलाई प्रारम्मिक बाल कक्षा भनिन्छ । बाल कक्षामा आएका वालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि उचित वातावरण दिन सकेमा कोरा रुपमा रहेका बालबालिकाहरुलाई सही ढाँचामा रुपान्तर गर्न सकिन्छ । किनकी यस उमेर समूहका बालबालिकाहरुले आफ्नो चाहाना र इच्छा अनुसार सिकाइ गर्न पाएमा रमाएर दीगो सिकाइ गर्न सक्ने हुन्छन् ।

तालिम प्राप्त सहयोगी कार्यकर्ता विद्यार्थीहरुको उमेर अनुसारको फर्निचर, खेल सामग्री पढाइका सन्दर्भ सामग्रीहरु खेल, मैदान, सौचालय, स्वच्छ पिउने पानी, बाल कक्षामा बालमैत्री बातावरण, प्रशासनिक कुशलता, आदि भएमा बालकक्षाको सञ्चालनको सिकाइ उपलब्धी उच्च पाउन सकिन्छ ।

आजका बालबालिकाहरु भोलिका कर्णधार हुन् । असल र व्यवहारिक शिक्षा प्रदान गर्न सके दक्ष नागरिक उत्पादन हुन सक्ने वातावरण तयार हुने थियो । विद्यालय र समुदायमा आधारित भएर सञ्चालन भइरहेका बालकक्षाहरु बीचको फरक वा भिन्नताको पहिचान गर्नका लागि अनारमनी स्रोत केन्द्रमा रहेका बालकक्षा ५७ वटा मध्ये विद्यालयका ४ वटा र समुदायका ४ वटा बाल कक्षाहरुलाई समग्र स्रोत केन्द्रको प्रतिनिधित्व हुने गरी छनौट गरिएको छ । विद्यालयमा आधारित ४ वटा बाल कक्षाका प्र.अ., स.का., अभिभावक तथा समुदायमा आधारित ४ वटा बाल कक्षाका व्यवस्थापक, स.का. र अभिभावक तथा स्रोत व्यक्ति र जि.सि.का. झापाबाट प्राप्त भएका विवरण, तथ्य तथ्याङ्कको आधारमा अध्ययनको विषयवस्तुलाई विश्लेषण गरिएको छ ।

सम्वन्धित विद्यालय तथा समुदायका वालकक्षाको स्थलगत भ्रमण, छलफल, प्रश्नावली, अन्तक्रिर्या आदिलाई प्राथमिक आधार र उपलब्ध विवरणको विश्लेषण गरिएको छ ।

अवलोकनको क्रममा मोहनमाया मा.वि. चारपानेमा बालकक्षाका विद्यार्थीहरु सुतिरहेका थिए । विद्यालयले उनीहरुलाई संधै केही समय सुत्न दिने व्यवस्था मिलाइएको पं.अ. बताउनुहुन्छ भने त्यसवेला स.का.हरु उनीहरुको रेखदेख गर्ने गरेको बताउँछन स.का. ।

अनारमनी सोतकेन्द्र अन्तरगत विद्यालयमा आधारित १६ वटा बालकक्षा र समुदायमा आधारित ४ वटा बालकक्षाहरुको अवलोकन गरिएको थियो । अनारमनी स्रोतकेन्द्रमा समुदायमा आधारित बालकक्षा जम्मा ४ वटा मात्र भएकोले विश्लेषणात्मक रुपबाट नतिजा प्राप्त गर्न अवलोकन गरिएका १६ वटा बालकक्षाहरु मध्ये ४ वटा बालकक्षा विद्यालयमा आधारितलाई छनौट गर्नुपर्ने बाध्यता भएको थियो ।

विद्यालय भवन राम्रा छन्, पक्कीकाम छन्, कक्षा कोठामा हावा र प्रकाश राम्ररी प्रवाह हुन सक्नेछन् । शैक्षिक सामग्री पनि हाम्रो परिवेशमा प्रसस्त नै मान्नु पर्छ । शिक्षक तथा स.का. छन्, विद्यार्थी पनि मेहनत गर्दा प्रशस्त भेला गर्न सकिन्छ तर पनि लगावको कमिले भने जस्तो हुन सकिरहेको छैन ।

समग्र अवस्थालाई हेर्दा पहिलेको भन्दा अहिले समुदायमा आधारित बालशिक्षाका कक्षा घट्दै गइरहेका छन् । विद्यालयमा आधारित बालशिक्षाको व्यवस्थापन अलिक व्यवस्थित हुँदै गएको र माथिल्ला कक्षा समेत भएकोले वारम्वार विद्यालय परिवर्तन गर्नु पर्ने झन्झटबाट पनि अभिभावकहरूलाई मुक्ति मिल्ने भएकोले विद्यालयमा आधारित बाल शिक्षामा आकर्षक बढेको हुन सक्छ ।

अनारमनी स्रोतकेन्द्र विविधतामा आधारित भएकोले पनि छनौटमा लिइएको हो । किनकी विर्तामोडमा बसाइँसराईबाट आउने र रोजगारीको सम्भावना पनि धेरै रहेको आदिवासी जनजाति पनि र तल्लो वर्गको संख्या पनि बढी नै रहेको, विद्यालयमा आधारित बाल कक्षामा लाग्ने शुल्क पनि नभएकोले विद्यालयमा चाप बढेको पाइन्छ । शोधकर्ताले विद्यालय र समुदायमा आधारित बालकक्षाहरूको अवलोकन गर्दा पठन-पाठन र अतिरिक्त क्रियाकलाप समुदायमा आधारित भन्दा विद्यालयमा आधारित बाल कक्षामा राम्रो पाइयो । किनकी खेल खेल्ने प्रशस्त साथीहरू विद्यालयमा हुने भएकोले राम्रो पाइयो ।

यसरी अवलोकन गरिएका विद्यालय र समुदायमा आधारित बालकक्षामा प्रशस्त मात्रमा शैक्षिक सामग्री, खेल सामग्री हुँदाहुँदै पनि बालबालिकाहरुले जति सिक्नु पर्ने हो

त्येती सिकाइ नभएको भेटियो । सामान्यतयाः कक्षा ८, १० र ११, १२ सम्म पढाइ भैरहेका विद्यालयमा भन्दा पनि प्राथमिक तह मात्र सञ्चालन भएका विद्यालयहरुमा बालबालिकाहरुको सिकाइ अत्यन्त राम्रो भेटियो । ति विद्यालयहरुमा फ्रोवेल र मन्टेश्वरीको खेल विधिको माध्ययमबाट पढाइ गरिएको पनि भेटियो ।

## ४.१. विद्यालय र समुदायमा सञ्चालित बालविकास केन्द्रबीचको अन्तर सम्बन्ध

विद्यालय एउटा संयुक्त परिवार जस्तै संस्था हो । यसले विभिन्न राजनैतिक आस्था, जातजाति, धर्म सम्प्रदाय, संस्कार संस्कृतिबाट जम्मा भउका सबैलाई एकतामा बाधेको हुन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी र विद्यार्थीका अभिभावक यि सबैको साझा घर विद्यालय हो । हालको संरचनामा आधारभूत तह, माध्यमिक तह गरेर दुइ तहमा विद्यालय विभाजन गरिएको भए पनि प्राय यि दुवैमा प्रारम्भिक बाल कक्षा सञ्चालन भएका हुन्छन् ।

प्रायः विद्यालय १० वजेदेखि सञ्चालन हुने भएकोले बालकक्षा पनि सोही समयबाट अधिकतम ३ वजेसम्म रहन्छ । हाल आएर चिया खाजाको व्यवस्था पनि भएकोले बालकक्षाका विद्यार्थी रमाउँदै खेल्दै विद्यालयमा दिन बिताउछन् । २० जना बालबालिकाको रेखदेख र पठनपाठनका लागि एक जना सहयोगी कार्यकर्ताको व्यवस्था गरिएको हुन्छ । दिनभरी स.का. सँग बालबालिकाहरूले समय बिताउने भएकोले प्रायः सबैको बारेमा जानकारीकम रहेको हुन्छ । व्यवहार, सिक्ने इच्छा-चाहना, कमजोरी आदि सबैको बारेमा थाहा हुन्छ । प्राय सबै विद्यालयमा फ्रोवेल र मण्टेश्वरी विधिद्वारा अध्यापन भएको अवलोकनको क्रममा पाइया । खेल खेल्नु र त्यस्कै माध्यमबाट सिक्न पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो । पूर्ण रूपमा नभए पनि बच्चाले खेल विधिद्वारा सिक्ने अवसर पाउनु खुशीको कुरा हो ।

विद्यालय र समुदाय बीच नङ र मासुको जस्तो सम्बन्ध हुन्छ । शिक्षा विकासको थलो समुदाय हो भने समुदायको विकासका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । यसै कुरालाई मध्यनजर गरी सरकारले शिक्षाको आधारको रुपमा रहेको बालशिक्षा सञ्चालन गर्न समुदाय र विद्यालय दुवै क्षेत्रलाई अनुमति दिएको छ । तर भौतिक पूर्वाधार, प्रशासनिक संरचना, आर्थिक व्यवस्थापनका पक्षहरु भने समुदायद्वारा

सञ्चालित बालकक्षा र विद्यालयद्वारा सञ्चालित बालकक्षा बीचमा रहेका अन्तरहरुलाई निम्नानुसार वुँदागत रुपमा विश्लेषण गरिएको छ :

### ४.१.१ भौतिक व्यवस्थापन

कुनैपनि शिक्षण संस्थाको प्रमुख पाटो भनेको त्यसको भौतिक पक्ष हो । भौतिक पक्ष मजवुत भएमा शिक्षण संस्था मजवुत हुन बल पुऱ्याउछ । मानिसका शरीरको संरचनामा हाडहरु जति मजवुत हुन्छ शरीर त्यति नै बलवान हुन्छ भने झै, भौतिक पक्ष शिक्षण संस्थाको समग्र विकासका लागि भौतिक साधन प्रमुख रहने गर्दछ । भौतिक साधन भित्र भवन फर्निचर, कक्षा कोठा, खेलमैदान, बगैचा, शौचालय आदि पर्दछन् ।

समुदायमा सञ्चालित बालकक्षा सीमित ठाउँमा रहने भएको र कुनै कुनै कक्षा संस्थाको भवनमा सञ्चालन भएपनि पर्याप्त भौतिक सुविधाहरु हुदैनन् भने विद्यालय सरकारद्वारा व्यवस्थित गरिएका र सुविधा पाएको हुनाले भौतिक सुविधा प्रशस्त नै हुन्छ । तर विद्यालय सानो कक्षाका बालबालिकाहरुको भौतिक व्यवस्थापन कमजोर भएपनि बालबालिकाहरुले प्रतिवाद गर्न नसक्ने भएको हुँदा कम सुविधायुक्त ठाउँमा बालकक्षा सञ्चालन गरिएको हुन्छ । केही विद्यालय बाहेक प्रायः विद्यालयमा बालकक्षाका लागि विशेष ध्यान दिइएको पाइन्छ ।

यसरी हेर्दा मोहनमाया र लक्ष्मीनारायणमा सबै पक्ष राम्रो पाइयो भने महेन्द्ररत्न मा केही बाल कक्षा पक्की भवनमा र केही कच्ची भवनमा व्यवस्थापन गरिएको पाइयो । समुदायबाट सञ्चालित बाल कक्षा अन्तरगत बालबालिकाहरुलाइ खेल्न खेलकुद सञ्चालन गर्न खेल मैदान नभएको पाइयो ।

### ४.१.२ शैक्षिक व्यवस्थापन

शैक्षिक व्यवस्थापन विद्यालयको मुटु हो । विद्यालयमा बालबालिका सिक्न आउँछन् । सिकाइले उनीहरुको व्यवहारमा परिवर्तन ल्याइदिन्छ । शिक्षण सिकाइलाई धेरै प्रभाव पार्ने कुरा भनेको शैक्षिक सामग्री हुन। जुन विद्यालय वा संस्थामा शैक्षिक सामग्री प्रशस्त हुन्छन् र यिनीहरुको अधिक प्रयोग गरी शिक्षण सिकाइमा शिक्षकले तदारुपता देखाउछन् त्या विद्यालयका बालबालिकाहरुले दीगो सिकाइ गर्छन ।

शैक्षिक व्यवस्थापन भित्र शिक्षण सिकाई प्रयोगशाला, शैक्षिक सामग्री खेल सामग्री, श्रव्य-दृष्य सामग्री, नेट इन्टरनेट, शिक्षक, सन्दर्भ सामग्री, आद पर्दछन् । यी सामग्रीहरुले शिक्षण सिकाइमा टेवा पुऱ्याउदै विद्यार्थीहरुलाई खेल्दै र गर्दै दीगो सिकाइ गर्छ ।

शैक्षिक व्यवस्थापनमा सामुदायद्वारा सञ्चालित बालशिक्षा भन्दा विद्यालयमा आधारित बालशिक्षा अगाडि रहेको पाइयो । किनकी विद्यालय, समुदाय भन्दा ठूलो क्षेत्र हो । यस्मा सामग्रीहरु अरु कक्षाका लागि पनि चाहिने हुँदा पर्याप्त हुन्छन् । सवाल रह्यो प्रयोग गर्नेको । यो पनि विद्यालयमा वढी प्रयोग हुने गरेको संकलित तथ्याङ्कले देखाएको छ ।

बालबालिकाको इच्छा, चहाना र मनोभावना अनुसार पढाउन कार्य दुवै संस्थामा रहको पाएता पनि संका को अनुपस्थितिमा समुदायमा आधारित बालकक्षा ठप्प हुन्छ भने विद्यालयमा आधारित बालकक्षा सञ्चालनमा अन्य शिक्षकको व्यवस्था हुने भएकाले निरन्त रुपमा कक्षा सञ्चालन हुने तथ्य देखिएको छ ।

अन्सूची ७ को तालिकालाई नियाल्दा मोहनमायामा खाजा पछि बालबालिकाहरुलाई सुत्ने समय दिइएको पाइयो । केही विद्यालयहरुमा स.का. तथा शिक्षकहरुले पढाइरहेको भेटियो ।

### ४.१.३ प्रशासनिक व्यवस्थापन

संस्थामा दैनिक रुपमा कामहरु कसरी भइरहेका छन् त्यस्को अनुगमन निरीक्षण गर्ने प्रमुख दायित्व त्यस संस्थाका प्रमुखको नै हुन्छ । जति वढी निगरानी त्यति नै वढी प्रगति भने झै पाइयो विद्यालयमा । प्रायः सबै विद्यालयका प्रमुखसँग भेटघाट र छलफल भयो समुदायमा आधारित बाल शिक्षामा ५०% मात्र पाइयो ।

संस्थाका भवन वा बालशिक्षाका कोठाहरुको प्रयोग संस्थाले बालबालिकाको हित भन्दा संस्थाको आयआर्जनमा जोड दिएको पाइयो भने विद्यालयमा त्यस्को अवस्था कमै पाइयो । यस्ले पनि विद्यालय प्रशासन बालबालिका प्रति वढी उत्तरदायी भएको पाइयो ।

### ४.१.४ खाजा तथा बच्चाको दैनिक क्रियाकलाप

हाल आएर विद्यालय वा समुदायमा आधारित बालशिक्षाका लागि खाजाको व्यवस्थाले बालबालिकाहरुलाई संस्थामा आकर्षण वढाएको छ । संस्थामा खाजाको

व्यवस्था भएमा अभिभावकहरुलाई झन्झट र समयको समुदपयोग भएको देखिन्छ भने आफैले व्यवस्थ ागर्न झन्झट भएको महसुस गर्दछ । अभिभावकहरु जे होस् शिक्षण सिकाइमा खाजा प्रभावकारी बनेको प्रारम्भिक तहका बालकका लागि खाजा अत्यावश्क रहेको देखियो ।

खेलका सामग्रीहरु बच्चाले सिकाइलाई अगाडी बढाइएको पाइयो । आफ्नै सुरमा बच्चाहरु रमाएको पाइयो । सहयोगी कार्यकर्ताले मत्र निर्देशन र हेरचाह मात्र गरेको देखियो भने कुनै बालकक्षामा पढाइरहेको पाइयो ।

विद्यालयमा र समुदायमा आधारित दुवै संस्थामा बच्चालाई सुत्ने समय पनि मिलाइएका पाइयो । केही विद्यालयका केही बालकक्षा बालमैत्री नभएको पाइयो । साना नानीहरुका दाजु दिदी वा छिमेकीका दाजु दिदी पनि विद्यालयमा हुने गरेकोले बालकहरु सुरक्षित रहेको देखियो । घर जाँदा उनीहरुसँगै जाने भएकाले चिनजान र हेलमेल पनि वढेको पाइयो । यो वातावरण समुदायमा आधारित बाल शिक्षामा पाइएन किनकी त्यहा बालकक्षा मात्र सञ्चालनमा रहेको पाइयो ।

### ४.१.५ बाल विकासका लागि निर्धारित गतिविधि

प्रारम्भिक बालकक्षामा आउने बालबालिकाहरुलाई दैनिक ४ देखि ६ घण्टासम्म राखिने भएकाले उनीहरुको दिनभर्यालाई सहज र सुविधायुक्त बनाउन मनोरञ्जनात्मक तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । बालबालिकाहरुलाई संस्थाले निर्धारण गरेको समय अवधिसम्म संस्थामा टिकाइराख्न सहयोगी कार्यकर्ताले संस्थाबाट प्राप्त सामग्रीहरुको अधिकतम प्रयोग गर्नुपर्ने हुँदा उनीहरु यसतर्फ क्रियाशील रहेको पाइयो ।

शरीरका हरेक अंगहरुको वृद्धि विकास निरोगिता र समग्र विकासका लागि शारीरिक क्रियाकलाप वा व्यायमको आवश्यकता पर्दछ । यस प्रकारका कार्य जटिल भएमा संस्थाले जोखिम उठाउनु पर्ने हुन्छ । यस प्रकारका जोखिम नउठाई बालबालिकाको सर्वाङ्गिण विकास गर्न अभिनयमूलक कथा, नाटक, गीत, नृत्य जस्ता क्रियाकलाप सञ्चालन गरेको पाइयो । यस्को तीब्रत्तर विकास समुदायमा आधारित बालकक्षामा भन्दा विद्यालयमा आधारित बालकक्षामा छिो विकास भएको पाइयो । किनकी विद्यालयमा माथिल्ला कक्षामा अध्ययन गर्ने विद्यार्थीका लागि सञ्चालन गरेका

क्रियाकलाप यी साना नानीहरुले नक्कल गर्ने भएकाले सिकाइ छिटो र झन्झटरहित विकास भएको पाइयो । त्यसरी नै शारीरिक व्यायम तर्फ अघि बढ्ने गरेको पाइयो । त्यस्तै सन्तुलन कायम गर्ने क्रियाकलाप तर्फ ढुंगा एकमाथि अर्को गरी मिलाउदै राख्ने, शब्द तथा भित्रहरु जोड्ने, सियोमा धागो छिराउने आदि कार्य गरेको पाइयो ।

सामाजिक भावनको विकास गर्न, सरसफाई गर्ने फोहोरको व्यवस्थापन गर्न लागाउने, राष्ट्रिय, सामुहिक गीत गाउन लगाउने, नृत्य गराउने लगाउने र कक्षा भन्ने परिवारमा साना-साना काममा सहयो गर्ने कार्य गर्न लगाउन सामाजिक हुन प्रेरित गरेको पाइयो । यस प्रकारको कार्य अन्तरगत रुमाल लुकाई, कपर्डी, चोरपुलिस राखेर बालबालिकाहरुलाई मनोरञ्जन प्रदान गर्दै सामाजिकीकरण गर्ने गरेको पाइयो ।

जन्मदै बालबालिकाले आफ्नोपन लिएर आएका हुन्छन् । यो उनीहरुमा भएको अन्तरनिहित प्रतिभा हो , उनीहरु भित्रबाट यो प्रतिभालाई बाहिर ल्याउने कार्य सहयोगी कार्यकर्ताहरुले गरिरहेका हुन्छन् । सिर्जनात्मक प्रतिभाका प्रस्फूटनका लागि काठ वा ढंगाबाट विभिन्न प्रकारका आकृति बनाउने आफूलाई मन परेको चित्र बनाउने, गीत गाउन, कथा भन्न। अभिनय गर्न, सेतापाटी वा कापीमा विभिन्न आकृति कोर्न लगाउने क्रियाकलाप गर्न लागउने गरेका पाइयो । साथै उनीहरुलाई स्वावलम्बी भइ भावी जीवनमा सफल बन्न अभिप्रेरित गर्नका लागि व्यक्तिगत सरसफाई, आफ्ना सामगग्रीहरुको हिफाजत गर्ने आफ्ना सामग्रीहरु मिलाएर राख्ने आफैं खाजा खाने, शौचालय जाने जस्ता क्रियाकलाप छनौंटमा परेका संस्थाहरुमा गर्ने गरेको पाइयो ।

प्रारम्भिक बालशिक्षामा बालबालिकाहरुलाई विद्यालय स्तरको औपचारिक शिक्षा लिनका लागि तयार गर्न अक्षरहरु लेख्ने, पड्ने वोल्न, सिकाउने, ठोसवस्तुको प्रयोग गरी गन्ती गर्न लगाउने, भित्र बनाउने, समूह मिलाउने, वस्तुहरुबाट फरक छुट्टाउन लगाउने, सोच्न वा स्मरण गर्न लगाउने आदि क्रियाकलापलाई सञ्चालनमा ल्याएको पाइयो छनौटमा परेका संस्थाहरुमा ।

यी माथिका सबै क्रियाकलापका लागि समय चाहिने हुँदा समुदायमा आधारित बाल शिक्षाको भन्दा विद्यालयमा आधारित बालशिक्षा लामो समयसम्म अथवा ३.३० बजेसम्म सञ्चालन भएको पाइयो ।

बालकक्षामा प्रगोगमा आउने पाठ्यसामग्रीहरुमा चित्र तथा अक्षरहरु ठूला र लेख्ने अभ्यासका लागि चित्रद्वारा प्रस्तुत अक्षर समावेश गरेको पाइएन । कोरा बालकलाई आकारमा ढाल्न सजिलो हुँदैन । समय सापेक्ष पाठ्यक्रममा समेत सुधार गरी पाठ्यसामग्रीको निर्माण गर्नुपर्ने आजको आवश्यकता हो ।

### ४.१.६ सहयोगी कार्यकर्ता

प्रारम्भिक बाल विकास शिक्षाका बालबालिकाहरुको चौतर्फी विकासमा क्रियाशील सहयोगी कार्यकर्ताको भूमिका अहम् रहेको हुन्छ । काँचो माटोको रुपमा रहेका बालबालिकाहरुको भविश्य कस्तो बनाउने भन्ने जिम्मा सहयोगी कार्यकर्ताको हातमा हुने भएकोले आफ्नो कार्यप्रति उत्तरदायी र जवाफदेही बनाउन उनीहरुले पाउँदै आएको पारिश्रमिक थोरै भएको पाइयो । कामको आधारमा पारिश्रमिक पाउन सकेमा शिक्षण सिकाई प्रभावकारी बन्न सक्ने देखिन्छ ।

## ४.२ विद्यालय र समुदायमा आधारित बालशिक्षाका देखिएका फरकहरु

विद्यालयमा र समुदायमा आधारित बाल विकास केन्द्र सञ्चालनमा सरकारले समान अधिकार दिइएको भएपनि अवलोकन र अनुसन्धानमा तपसिल आनुसारका क्षेत्रहरुमा अन्तर रहेको कुरा बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

### भवन तथा कक्षा कोठा

भौतिक पक्षको अवस्थालाई नियाल्दा समुदायमा आधारित वालशिक्षाका भवन र कक्षाकोठा व्यवस्थित पाइएको छ । ठूलो कोठा हावा तथा प्रकाश प्रशस्त प्रवाह हुने पाइएको छ । प्राय सवै बालशिक्षाका लागि तयार गरिएका कोठामा कार्पेछ ओछ्याईएको पाइयो ।

### शैक्षिक सामग्री र प्रयोग

विद्यालय र समुदायमा आधारित संस्थाहरुमा शैक्षिक सामग्री प्रशस्त रहेका भएपनि विद्यालयमा यसको संख्या तथा प्रयाृग ज्यादा गरेको पाइयो ।

### खेल मैदान

समुदायमा आधारित बालशिक्षाका लागि खेल खेलाउने क्षेत्र ज्यादै साधुरो रहेको र प्राय सम्पूर्ण खेलकुदका क्रियाकलाप कोठाभित्रै गर्ने गरेको पाइयो तर विद्यालयमा

खेलकुदका लागि खेल मैदान भएकोले अन्य कक्षाका विद्यार्थीहरुसँग मिलेर खेल्न सक्ने पाइयो ।

**सामाजिकीकरण**

विद्यालयमा आधारित बालकक्षाका बालबालिकाहरु माथिल्लो कक्षाका दाजु दिदीसँग रमाएर विविध क्रियाकलाप गर्ने भएकोले समुदायमा आधारित बालशिक्षा भन्दा विद्यालयमा आधारित बालशिक्षाका विद्यार्थीहरुमा बढी नै सामाजिकीकरण भएको पाइयो ।

**अभिभावकको चासो**

विद्यालयमा आधारित बालकक्षासँग सम्वन्धित अभिभावक तथा सरोकारवालाको सक्रियतामा प्रायः विद्यालय स्थापना भएको र आफ्नो लगानी वा आर्थिक, भौतिक, नैतिक सहयोग विद्यालयमा हुने गरेकोले अभिभावकको चासो समुदायमा आधारित बालशिाक्षामा भन्दा विद्यालयमा बढी पाइयो । समुदायको बालकक्षा व्यक्ति वा गैर सरकारी संस्थाले स्थापना गरेकाले अभिभावकको चासो कम रहेको पाइयो ।

**निरन्तर बालकक्षाको सञ्चालन र समयावधि**

बालकक्षामा कार्यरत सहयोगी कार्यकर्ताको अनुपस्थितिमा पनि विद्यालयमा आधारित बालकक्षा अन्य शिक्षकको रेखदेखमा सञ्चालन हुने र सिकाइपनि १० बजेदेखि ३:३० बजेसम्म रहने गरेको पाइयो भने समुदायमा आधारित बाल कक्षामा त्यसको व्यवस्था नहुने भएकोले कक्षा बन्द र समय पनि १० देखि प्रायः १ बजेसम्म रहेको पाइयो ।

**उपस्थिति**

प्रायः विद्यालयमा आधारित बालकक्षाका बालबालिकाको उपस्थिति नियमित पाइयो भने समुदायमा आधारित बालकक्षामा उपस्थिति न्यून रहेको पाइयो । जसलाई निम्न तस्विरबाट समेत स्पष्ट पार्न सकिन्छ ।

**व्यवस्थापन**

विद्यालयमा अरु पनि कक्षाहरु सञ्चालन हुने भएकोले अनुगमन र निरीषण तथा रेखदेख भइरहने भएकोले बालबालिकाहरुको बारेमा सदैव जानकारी भईरहने हुन्छ भने

समुदायमा आधारित बालशिक्षामा सहयोगी कार्यकर्ताको मात्र जिम्मामा रहने भएकोले के कस्तो हुदैछ । अनुगमन र निरीक्षण निरन्तर हुन नसकेको पाइयो । जस्लाई निम्नानुसारको तस्विरले स्पष्ट पार्न सकिन्छ :

यसरी समग्रमा विद्यालयमा आधारित र समुदायमा आधारित बालशिक्षामा देखिएका अन्तरहरु र त्यस सम्वन्धी सरोकारवालको धारणालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

समग्र अवस्थाको विश्लेषण गर्दा समुदायमा आधारित बाविकास केन्द्र भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रको अवस्था ९० प्रतिशत राम्रो पाइयो । विद्यालय

तथा समुदायमा आधारित बालविकास केन्द्रका प्र.अ., अध्यक्ष, अभिभावक, स.का., स्रोतव्यक्ति र जि.शि.का. का सम्बन्धित फाँटका व्यक्तिले दिएको बन्द प्रश्नको उत्तरबाट प्राप्त भएको विवरण तथा अवलोकन र छलफलबाट प्राप्त तथ्यका आधारमा विद्यालयमा आधारित बालविकास केन्द्र सञ्चालन राम्रो रहेको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष, सुझाव

## ५.१ निष्कर्ष

विद्यालयमा आधारित र समुदायमा आधारित बालशिक्षा बिचको फरक वा भिन्नता यस शोधपत्रमा देखाउन खोजिएको छ । भिन्नता देखाउने क्रममा प्राप्त गरेका सूचना, जानकारी अवलोकन र तथ्याङ्कको आधारका निम्न लिखित निष्कर्ष निकालिएको छ ।

विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको कोठा, पिउने पानी, शौचालय भन्दा समुदायमा आधारित बाल विकास केन्द्रका कोठाहरू ठूला र सफा पाए पनि खेल मैदान, नियामित पठन-पाठन, निरन्तर रेखदेख, दैनिक निरीक्षण, सामाजिकीकरण, गरेर सिक्ने वानीको विकास, जस्का पक्षसँग विद्यालय बढी नै अगाडि रहेको देखिन्छ । अभिभावकको चासो, सवै जातजातिका विद्यार्थीहरूको विद्यालयमा पहुँच, भित्तामा रंगरोगन र सान्दर्भिक लेखन कार्य, विद्यालयमा व्यवस्थित छ भने समुदायमा आधारित बाल विकास केन्द्रमा माथि उल्लेखित पक्षको न्यूनता भएकोले सुधार गरी विद्यार्थीहरूका लागि गरिने शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासका क्रियाकलापहरू दैनिक कार्य तालिका अनुसार विद्यालय केही हदसम्म गरेको पाइए पनि यो पर्याप्त नभएको देखिन्छ । विद्यार्थीको मनोभावना अनुसार क्रियाकलाप हुनु पर्नेमा शिक्षकले वा स.का. ले जे बुझेको छ । त्यसै अनुसार गरिएको हुनाले यसलाई सुधार गरी बालकेन्द्रित शिक्षण विधिलाई अपनाउनु पर्ने देखिन्छ । सहयोगी कार्यकर्ताले कामको आधारमा पारिश्रमिक नपाएको देखिन्छ । सरकारको यस तर्फ ध्यान जानु पर्दछ ।

त्यसरी नै अभिभावक शिक्षण संस्थाका खम्वा हुन् । उनीहरूको विद्यालयसँग नजिकको सम्वन्ध स्थापित हुनु पर्दछ । तर विद्यालयमा भन्दा समुदायमा यस्को कमी खड्कियो । यस्लाई सुधार गर्नु पर्ने देखिन्छ ।

सरकारले बालविकास केन्द्रमा लगानी बढाएर सबै बालकक्षालाई विद्यालयमा नै सञ्चालन गर्न सके, सरोकारवालाहरूलाई विद्यालयमा आकर्षण बढाउन सके, सहयोगी

कार्यकर्तालाई तलव वढाएर प्रेरणा बढाउन सके, बालविकास केन्द्रको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने गरेमा यस्को भविष्य उज्ज्वल देख्न सकिने अध्ययनबाट पाइयो ।

## ५.२ सुझावहरू

विद्यालयमा र समुदायमा आधारित बाल विकास केन्द्रको अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा संस्थामा संचालित कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी बनाउन र अभिवृद्धि गर्न तपसिलका सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति निर्माण तह

३ देखि ५ वर्ष उमेर समूहको लागि सञ्चालित प्रारम्भिक बाल विकासको कार्यक्रमको स्तर, प्रभावकारिता र पहुँच अभिवृद्धि गर्न नीति निर्माण तहका लागि तपशिलका उल्लेखित सुझाव प्रस्तुत गरिएको छ ।

प्रारम्भिक बालविकास केन्द्रको समग्र व्यवस्थापन र सहयोगी कार्यकर्ताका लागि प्रदान गरिदै आएको सरकारी अनुदानमा वृद्धि गर्नु पर्दछ ताकि बालविकास केन्द्रका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू, शौचालय, प्यूने स्वच्छ पानी, उपर्यूक्त वातावरण सहितका कक्षा कोठा चिसो र गर्मीबाट राहत दिने व्यवस्था गर्न सहयोग पुग्न सकोस् ।

प्रारम्भिक बाल विकासका कक्षा विद्यालयमा मात्र सञ्चालन गर्न सरकारी तहबाट सार्वजनिक सूचना जारी गर्नु पर्ने ।

प्रारम्भिक बालविकास केन्द्रका लागि आवश्यक पर्ने भौतिक सुविधा, फर्निचर, अनिवार्य व्यवस्थापनका लागि वा भनौ भौतिक पूर्वाधार विकासका लागि स्थानीय विकास, सरोकारवालालाई समेत सामेल गराइने नीति निर्माण गरी सरकारी तवरबाट लागू गरिनु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

बालविकास केन्द्रको कार्यक्रमहरू व्यवस्थापनलाई प्रभावकारी रूपमा सुदृढ बनाउन कार्यान्वयन तहका लागि तपशीलको सुझाव प्रस्तुत गरिएको छ ।

प्रारम्भिक बालविकास केन्द्रलाई मजबुद बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, समाजसेवी, चन्दादाता, बुद्धिजीवि, राजनैतिक दल सबैको प्रयासमा समन्वय गराउनु पर्छ ।

बालबालिकाको हरेक पक्षको बारेमा थाहा पाउन उनीहरूको समग्र विवरण सहित व्यक्तिगत फाइल बनाउनु पर्दछ ।

सहयोगी कार्यकर्ताको मनोवल बढाउन र शिक्षण सिकाइमा समर्पित गराउन सेवा सुविधा तथा पूनर्ताजगी तालिम र सेवाकालिन तालिमको प्रवन्ध मिलाउनु पर्दछ ।

विद्यालयप्रति सरोकारवालाको पहुँच बढाउन र आकर्षण गर्न अभिभावकको पहुँच बढाउँदै अभिभावकहरूलाई शिक्षा प्रदान गर्ने कार्यको थालनी गर्नु पर्दछ ।

विशेषतः प्रारम्भिक बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक समस्याहरूको न्युनिकरण गर्न अनुगमन र निरीक्षणलाई नियमित गर्नु पर्दछ ।

विद्यालयले प्रारम्भिक बालविकास केन्द्रका लागि तय गरेका सम्पूर्ण बाल विकास सम्वन्धी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको जानकारी लिन र सुधार गर्न जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्रसँग समन्वय गरी एउटा संयन्त्र बनाई अनुगमन निरीक्षण गर्नुपर्दछ ।

प्रारम्भिक बाल विकास केन्द्रमा हुने भर्ना दरलाई उच्च बनाउन विद्यालयहरूले भर्ना अभियानको कार्यक्रमलाई आम मानिस बीचमा लैजानु पर्दछ ।

विद्यालयमा आमा समूह बनाई कम्तिमा तीन महिनामा एक पटक हुने गरी बालबालिकाका अभिभावकसँग अन्तरक्रिया छलफलको कार्य निरन्तर रूपमा गरिनु पर्दछ । जस्ले बालबालिकामा अन्तरनिहित प्रतिभालार्य प्रस्फुटन गराउँदै उनीहरूको मानसिक, शारीरिक, बौद्धिक र संवेगात्मक विकासका लागि अग्रसर र जिम्मेवार हुनुपर्दछ ।

### ५.२.३ अनुसन्धानका लागि

प्रारम्भिक बाल शिक्षा कार्यक्रमका लागि नीति निर्माण तह, कार्यान्वयन तह, अभिभावकको तहबाट थप अनुसन्धान गर्न तपसिलका सुझाव प्रस्तुत गरिएको छ ।

विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रलाई नीतिगत रूमिा विद्यालयमा मात्र संचालन गर्दा हुने असरका बारेमा अनुसन्धन गरिनु पर्छ ।

बाल विकास केन्द्रमा भैरहेको प्रगति र सुधार लागि चलिएका कदमहरूको मूल्याङ्कनको विषय बनाइ अनुसन्धान गर्नु पर्दछ ।

बाल विकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापमा भैरहेको परम्परागत सिकाइ प्रक्रियालाई परिवर्तन गरी आधुनिक शिक्षण सिकाइलाई विद्यालयमा कसरी प्रभावकारी रूपमा प्रवेश गराउन सकिन्छ यस विषयलाई गम्भिरताकासाथ उठाउन अनुसन्धान गरिनु पर्दछ ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णु प्रसाद र पौडेल, आनन्द, (२०६८), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौ : आशिष बुक्स हाउस प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर, (२०६३), *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार* , काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, तिलक (२०७२), *हामी सुध्रिए बालबालिका त त्यसै सुध्रिन्छन्* , ज्ञान विज्ञान शैक्षिक शहकारी संस्था लिमिटेड, जावलाखेल, ललितपुर ।

गौतम, ध्रुवचन्द्र, (२०७०), *गुणस्तरीयता सुनिश्चित गर्ने १० उपाय,* ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, जावलाखेल, ललितपुर ।

गौतम, प्रदिपचन्द्र र अधिकारी, बालकृष्ण, (२०६८), *बालबिकास र सिकाइ,* काठमाडौ : क्वेष्ट प्रकाशन ।

तिम्सिना, खड्ग कुमारी, (२०७२), सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन, कन्काइ बहुमुखी क्याम्पस, सुरुङ्गा ।

बलम्बु, प्रभा, (२०६७), *बालमैत्री विद्यालय व्यवस्थापनको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, काठमाडौ।

भण्डारी , नवराज, (२०७०), बाल शिक्षा र यस्को महत्व, इन्टरनेट, साझा डट कम ।

शर्मा, कुबेरनाथ, (२०६८), *शिक्षाको समाजशात्रीय एवम् दर्शनशास्त्रीय आधारहरू,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ, (२०६६), *नेपालको शैक्षिक इतिहास,* काठमाडौ : मकालु प्रकाशन ।

शिक्षा ऐन २०५९ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहित), भोटाहिटी, काठमाण्डौ, आशिष पुस्तक भण्डार ।

शिक्षा विभाग, (२०६७), *गुणस्तरीय शिक्षाको लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,* सानोठिमी, भक्तपुर : लेखक ।

शिक्षा विभाग, (२०६२), *बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका,* सानोठिमी, भक्तपुर : लेखक ।

*विद्यालय क्षेत्र सुधार योजना (२०६७ -७२),* नेपाल सरकार, शिक्षा मन्त्रालय ।

*भयमुक्त सिकाइ वातावरणको निमित्त नीतिगत व्यवस्था* ,(२०६७), सानोठिमी, भक्तपुरः

## विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता

## अनुसुची-१

## अभिभावकका लागि अन्तरवार्ताका प्रश्नावली

अभिभावकको नाम:

विद्यालय/ECD को नाम:

१. तपाइका बालबालिका कहाँ पढ्छन ?

क) विद्यालय ख) समुदाय

२.विद्यालय वा समुदायको पढाइ कस्तो लाग्छ ?

क) अति उत्तम ख) उत्तम

ग) सामान्य घ) सुधार गर्नु पर्ने

३.तपाइको बालबालिका विद्यालय वा समुदायमा कस्तो अवस्थामा जान्छन् ?

क) रमाएर ख)जवरजस्ती ग) त्रसित भएर

४. बालबालिका पढ्ने विद्यालय वा समुदाय मा खाजाको कस्तो व्यवस्था छ ?

क) राम्रो ख) सामान्य ग) फोहोर हुन्छ

घ) आफैले व्यवस्थापन गर्छन

५. तपाईका बालबालिकालाई पढाउँने सहयोगी कार्यकर्ताको बच्चा प्रतिको व्यवहार कस्तो छ ?

क) अति उत्तम ख) उत्तम ग) सामान्य घ) सुधार गर्नु पर्ने

६. तपाइका बालबालिका विद्यालय वा समुदायमा कति बजे देखि कति बजेसम्म रहन्छन् ?

क) १० देखि ४ ख) १० देखि १२ ग) १० देखि १ घ) ११ देखि ३

७. विद्यालय वा समुदायमा बालबालिकाको लागि कक्षा व्यवस्थापन कस्तो छ ?

क) अति राम्रो ख) राम्रो ग) ठिकै घ) सुधार गर्नु पर्ने

८) विद्यालय वा समुदायबाट बालबालिका फर्किएर घर आउँदाको व्यवहार कस्तो हुन्छ ?

क) रमाएर आउँछन् ख) निरास भएर आउँछन्

ग) झगडालु भएर आउँछन् घ)सामन्य अवस्थामा आउँछन्

९) तपाइलाई कुन संस्थाको व्यवहार र पढाइ मन पर्छ ?

क) विद्यालय ख) समुदाय

१०) संस्थाको वातावरण कस्तो छ ?

क) बालमैत्री छ    ख) दण्ड सजाय दिइन्छ

ग) मतलव गरिदैन    घ) विभेद गरिन्छ

११) तपाइको बालबालिकाको हेरचाह कहाँ राम्रो हुन्छ जस्तो लाग्छ ?

क) विद्यालय    ख) समुदाय

१२) तपाइका बालबालिकालाई किन विद्यलाय वा समुदायमा पठाउँनु भयो ?

क) झण्झट टार्न    ख) सही शिक्षा दिन

ग) बोर्डिङ्गको खर्चबाट बच्न    घ) पढाइको वातावरण बनाउँन

## विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता

## अनुसूची-२

## स्रोत व्यक्तिका लागि अन्तरवार्ताका प्रश्नावली

नामः

स्रोत केन्द्रः

१. तपाइको स्रोतकेन्द्रमा विद्यालय र समुदायमा कति कतिवटा कक्षाहरु सञ्चालनमा छन् ?

क) विद्यालयमाः............ ख) समुदायमाः................

२) विद्यालयर समुदायमा कति कतिजना बालबालिकाहरु छन् ?

क) विद्यलायमा केटा......केटी.......... ख) समुदायमा केटा.............केटी.............

३) विद्यालय र समुदायका बालकक्षामा फर्निच,पाठ्य सामग्री,खेल सामग्रीको प्रयोग र व्यवस्थापनमा के फरक पाउँनु भएको छ ?

४) विद्यालय र समुदाय मध्ये कुन संस्थामा बालबालिका रमाएर पढेको पाउँनु भएको छ ? किन ?

५) विद्यालय र समुदाय मध्ये कुन बालकक्षामा अध्ययनरत बालबालिकाका अभिभावक सचेत छन् ?

क) विद्यालय ख) समुदाय

६) पठनपाठनको समय कुन संस्थामा बढी पाउँनु भएको छ ?

७) कुन संस्थामा कार्यरत सहयोगी कार्यकर्ता सकृय पाउँनु भएको छ ?

८) कुन संस्थामा अभिभावकको चासो बढी पाउँनु भएको छ ?

९) कुन संस्थमा बालबालिकाको र अभिभावकको आकर्षण बढेको पाउँनु भएको छ ?

१०) कुन स्रंस्थामा व्यवस्थापकको ध्यान बढी गएको पाउँनु भएको छ ? किन ?

## विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता

## अनुसूची-३

## जिल्ला शिक्षा कार्यालय, झापा लागि अन्तरवार्ताका प्रश्नावली

नामः श्री जानुका गुरागाँई रेग्मी

१) हाल झापा जिल्लाका विद्यालय र समुदायमा सञ्चालनमा रहेका बालकक्षामा कति कति बालबालिकाहरु रहेका छन् ?

क) विद्यालयमा केटा.........केटी.........ख) समुदायमा केटा.........केटी........

२) झापामा बालकक्षाको अवस्था कस्तो पाउँनु भएको छ ?

३) विद्यालय र समुदाय मध्ये कुनमा बालबालिकाहरुको सिकाइको स्तर राम्रो पाउँनु भएको छ ?

४) विद्यालय र समुदनय मध्ये कुनको व्यवस्थापकीय पक्ष राम्रो पाउँनु भएको छ ?

५) विद्यालय र समुदाय मध्ये कुनमा सहयोगी कार्यकर्ताको भूमिका राम्रो पाउँनतु भएको छ ?

६) कुन संस्थामा बाबालिका रमाएर पढ्न जान्छन् ?

७) कुन संस्थामा अभिभावकको चासो बढी पाउँनु भएको छ ?

८) अनुगमन तथा निरीक्षणको क्रममा विद्यालय र समुदायमा कुन वर्गका बालबालिकाको भर्ना बढी पाउँनु भएको छ ?

९) कुन संस्थामा सरकारी लगानीको प्रतिफल बढी रहेको छ ?

१०) पहिले अहिलेमा कुन संस्थाले बालकक्षाको सुधारमा फड्को मारेको पाउँनु भएको छ ?

## विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता

## अनुसूची-४

## प्रधानाध्यापक/व्यवस्थापक कालागि अन्तरवार्ताका प्रश्नावली

नामः

संस्थाको नामः

१) तपाइको विद्यालय वा समुदायमा बालबालिका कति छन् ?

२) तपाइको विद्यालय वा समुदायमा कुन समुदायबाट बढी बालबालिका हरु आएका छन् ?

३) विद्यालय वा समुदायबाट कक्षा १ मा आएका बालबालिकाहरुको स्तर कस्तो छ ?

४) बालबालिकाको उपस्थिति कस्तो छ ?

५) विद्यालय वा समुदायबाट बालकक्षापूरा गरेका बालबालिकाहरुमा के के फरक पाउँनु भएको छ ?

६) विद्यालय वा समुदायमा बमलकक्षा उमेरका बालबालिकाहरुको भर्ना दर उच्च छ ?

७) कुन संस्थाका बालबालिकाहरु बढी व्यवहारिक छन् ?

८) कुन संस्थामा सिकाइ उपलब्धि उच्च छ ?

९) बालकक्षाको व्यवस्थापनमा भोगेका समस्याहरु के के हुन ?

१०) विद्यालय वा समुदाय मध्ये कुन बढी प्रभावकारी र उपयोगी हुन सक्छ ? किन ? ५ वटा बुँदामा लेख्नुहोस ।

## विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता

## अनुसूची-५

## सहयोगी कार्यकर्ताका लागि अन्तरवार्ताका प्रश्नावली

नामः

संस्थाको नामः

१) बालकक्षाको शिक्षकको रुपमा कार्य गर्दा भोग्नु भएका समस्याहरु उल्लेख गर्नुहोस ।

२) तपाइले पढाउँने कक्षामा कस्ता कस्ता प्रकृतिका बालबालिकाहरु आउँछन् ?

३) कक्षा कोठामा बच्चा के गर्न रुचाउँछन्र ?

४) संस्थाले बालकक्षाको तथा सहयोगीको कस्तो व्यवस्थापन गरेको छ ?

५) संस्थाले तपाइको सुविधामा कस्तो व्यवस्थापन गरेको छ ?

६) संस्थाले खाजाको प्रबन्ध कसरी मिलाएको छ ?

७) पढाइको समय कति बजे देखि कति बजेसम्म रहेको छ ?

८) बालबालिकाहरुसंग काम गर्दा कस्तो अनुभव गर्नु भएको छ ?

९) तपाइ प्रतिको अभिभावकको  व्यवहार कस्तो रहेको छ ?

१०) तपाइ आफ्नो पेशामा सन्तुष्ट हुनुहुन्छ ? हुन्न भने किन ?

## विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र बिचको भिन्नता

## अनुसूची-६

### अवलोकनका क्रममा लिएका तश्विरहरु

मोहनमाया मा.वि. चारपाने



महेन्द्ररत्न मा.वि. अनारमनी





लक्ष्मीनारायण प्रा.वि. गरामनी



विराट सामुदायिक बालविकास केन्द्र,अनारमनी



सेतो गुराँस बालविकास केन्द्र,विर्तामोड



# अनुसूची - ७

भौतिक व्यवस्थापनको अवस्था

| क्रसं | विद्यालय/संस्थाको नाम | भवन | कोठा | फर्निचर | खेलमैदान | कोठाको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | मोहनमाया मावि चारपाने | राम्रो | राम्रो | राम्रो | राम्रो | कार्पेट हालेको |
| २ | महेन्द्ररत्न मावि अनारमनी | ठीकै | ठीकै | राम्रो | प्रशस्त | कार्पेट हालेको |
| ३ | लक्ष्मीनारायण प्रावि गरामनी | राम्रो | राम्रो | राम्रो | राम्रो | कार्पेट हालेको |
| ४ | सेतो गुराँस विर्तामोड | राम्रो | राम्रो | राम्रो | छैन | कार्पेट हालेको |
| ५ | विराट सामुदायिक बालविकास केन्द्र,अनारमनी | राम्रो | राम्रो | राम्रो | छैन | कार्पेट हालेको |

शैक्षिक तथा भौतिक व्यवस्थापन

| क्रसं | विद्यालय/संस्थाको नाम | पाठ्य पुस्तक | शैक्षिक सामग्री | वसाई व्यवस्था | खेल सामग्री |
|---|---|---|---|---|---|
| १ | मोहनमाया मावि चारपाने | पर्याप्त | पर्याप्त | सुत्ने व्यवस्था समेत | पर्याप्त |
| २ | महेन्द्ररत्न मावि अनारमनी | पर्याप्त | ठीकै | राम्रो | पर्याप्त |
| ३ | लक्ष्मीनारायण प्रावि गरामनी | पर्याप्त | पर्याप्त | राम्रो | पर्याप्त |
| ४ | सेतो गुराँस विर्तामोड | ठीकै | पर्याप्त | राम्रो | ठीकै |
| ५ | विराट सामुदायिक बालविकास केन्द्र,अनारमनी | ठीकै | पर्याप्त | राम्रो | पर्याप्त |

तालिका ४ : छनौट गरिएका विद्यालय र उत्तरदाताको विवरण

| क्र.सं. | विद्यालय/संस्थाको नाम | प्र.अ. | स.का. | अध्यक्ष | अभिभावक | अन्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | मोहनमाया मावि चारपाने | १ | १ | | १ | | ३ | |
| २. | महेन्द्ररत्न मावि अनारमनी | १ | १ | | १ | | ३ | |
| ३. | लक्ष्मीनारायण प्रावि गरामनी | १ | १ | | १ | | ३ | |
| ४. | सेतो गुराँस विर्तामोड | | २ | १ | २ | | ५ | |
| ५ | विराट सा अ के अनारमनी | | २ | १ | २ | | ५ | |
| ६ | जि.शि.का. झापा | | | | | १ | १ | |
| ७ | स्रोत व्यक्ति अनारमनी स्रोतकेन्द्र | | | | | १ | १ | |
| | जम्मा | ४ | ८ | २ | ८ | २ | २४ | |

विद्यार्थीको उपस्थिति, विद्यार्थी प्रतिको व्यवहार, सहयोगी कार्यकर्ताको भूमिका

| क्र.सं. | सवाल | प्र.अ./अध्यक्ष | | अभिभावक | | जिशिका प्रतिनिधि | | स्रोतव्यक्ति | | अवलोकन कर्ता | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालय | समुदाय | विद्यालय | समुदाय | विद्यालय | समुदाय | विद्यालय | समुदाय | विद्यालय | समुदाय | |
| १ | विद्यार्थी उपस्थिति | 👍 | 👍 | 👍 | ✓ | 👍 | ✓ | 👍 | ✓ | 👍 | 👎 | |
| २ | विद्यार्थी प्रतिको व्यवहार | 👍 | 👍 | 👍 | ✓ | 👍 | ✓ | 👍 | ✓ | 👍 | ✓ | |
| ३ | स.का.को भूमिका | 👍 | 👍 | 👍 | 👍 | 👍 | ✓ | 👍 | ✓ | ✓ | ✓ | |
| | प्रतिशत | | | | | | | | | | | |

संकेत : 👍 राम्रो , ✓ ठीकै , 👎 कमजोर

छनौटमा परेका विद्यालय र संस्था जिम्मेवारहरुको नामावली

| क.स. | विद्यालय/संस्थाको नाम | प्र.अ./ अध्यक्ष | स.का. | अभिभावक | अन्य |
|---|---|---|---|---|---|
| १ | मोहनमाया मावि, चारपाने | विन्दु श्रेष्ठ | मनु मास्के | शान्ति नेम्बाङ्ग | |
| २ | महेन्द्ररत्न मावि,अनारमनी | मोहन ब.पायम | शोभा सुवेदी,टिका देवी खरेल | विजय उप्रेती | |
| ३ | लक्ष्मीनारायन प्रावि, गरामनी | प्रेम प्र.आचार्य | शोभा भट्टराई | दिनेश बस्नेत | |
| ४ | विराट सा.बालविकास केन्द्र, अनारमनी | अर्जुनकुमार पाठक | अम्बिका बजगाँई, धनमाया सग्रौला | रुपा सङ्ग्रौला , भूमा मुर्मु | |
| ५ | सेतो गुराँस बालविकास केन्द्र, विर्तामोड | प्रेमकुमारी मैनाली | सुनिता दाहाल प्रेमकुमारी मैनाली | विनिता ढकाल | |
| ६ | अनारमनी स्रोतकेन्द्र, अनारमनी | | | | केशर ब. खवास |
| ७ | जिल्ला शिक्षा कार्यलय, झापा | | | | जानुका गुरागाँई रेग्मी |